मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ | अंक ६५ | २०८२ साल माघ ०५ गते सोमबार | Monday 19, January 2026 | सूर्योदय: बिहान ०६:५५ बजे | सूर्यास्त: साँझ ५:३७ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## बालेन र पारस जनकपुरको एउटै होटलमा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
पूर्वयुवराज पारस शाह र काठमाडौँको मेयरबाट आइतबार राजीनामा दिएर जनकपुर पुगेका रास्वपा वरिष्ठ नेता बालेन शाह एकै होटलमा बसेको पाइएको छ। उनीहरू यात्री निवासमा बसेका छन्। पारस बेलुकी ९ बजे र बालेन पौने ५ बजे होटल प्रवेश गरेका हुन् ।

पूर्वयुवराज पारसले पारिवारिक कामको सिलसिलामा जनकपुर आएको बताएका छन्। उनी केही दिन जनकपुर बस्ने बताइएको छ।
होटल यात्री निवास वृहत्तर जनकपुर विकास समितिको स्वामित्वमा रहेको होटल हो भने पछिल्लो समय यसको व्यवस्थापन सोल्टी बिजिनेश ग्रुपले गरेको छ।

# जनकपुरधाममा बालेन पहिलो राजनीतिक सम्बोधन गर्दै



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सोमबार जनकपुरधाममा गरेको परिवर्तनको उद्घोष सभामार्फत पार्टीका वरिष्ठ नेता बालेन्द्र साह पहिलो पटक राजनीतिक सभामा सम्बोधन गर्दैछन् ।
केही साताअघि रास्वपा प्रवेश गरेका र आइतबार काठमाडौँ महानगरको नगरप्रमुख पदबाट राजीनामा दिएका बालेनले जनकपुरधामस्थित तिरहुतिया गाछीमा हुने उद्घोष सभाको माध्यमले पहिलोपटक राजनीतिक सभालाई सम्बोधन गर्न लागेका हुन् ।
आइतबार नगरप्रमुख पदबाट राजीनामा दिएलगत्तै रास्वपाको घण्टीघर पुगेका बालेन बेलुका जनकपुरधाम आइपुगेका हुन् । जनकपुरधाम विमानस्थलमा रास्वपाका नेता कार्यकर्ताले बालेनलाई स्वागत गरेका थिए ।
विमानस्थलबाट बालेनले आइतबार बेलुका नै जानकी मन्दिर पुगेर पूजाअर्चनाका साथै दर्शन गरेका छन् । सोमबार बिहानै सिरहाको लहानस्थित मधेश आन्दोलनका प्रथम शहीद रमेश महतोको शालिकमा माल्यार्पण गर्ने कार्यक्रम रहेको रास्वपाका प्रवक्ता मनिष झाले जानकारी दिए ।
उनका अनुसार उद्घोष सभामा पार्टी सभापति रवि लामिछाने र बालेन एकै साथ सार्वजनिक मञ्चबाट पहिलोपटक सम्बोधन गर्नेछन् । यसका साथै उद्घोष सभामा पार्टीका नेताहरु डीपी अर्याल, स्वर्णिम वाग्ले, मनिष झासहित १२ वक्ताले मन्तव्य राख्ने छन् ।
सर्लाहीबाट २०७९ को निर्वाचनमा प्रतिनिधिसभामा स्वतन्त्ररुपमा निर्वाचित भएका डा. अमरेशकुमार सिंहले समेत रास्वपाको मञ्चबाट पहिलोपटक सम्बोधन गर्नेछन् । सिंह पनि रास्वपामा प्रवेश गरे पनि सार्वजनिक रुपमा रास्वपाको कार्यक्रममा सोमबार नै सम्बोधन गर्नेछन् ।

### नगरप्रमुखबाट राजीनामा

काठमाडौँ महानगरपालिकाका नगर प्रमुख बालेन साहले पदबाट राजीनामा दिएका छन् । नगरप्रमुख साहले उपप्रमुख सुनिता डंगोलसमक्ष राजीनामा बुझाएका हुन् ।
उपप्रमुख डंगोलले राजीनामा प्राप्त भएको पुष्टि गर्दै भनिन्, 'हो, उहाँको राजीनामा आएको हो । मलाई नै बुझाउनुभएको छ ।' बालेन राजीनामा दिएपछि रास्वपाको कार्यालय पुगेका थिए । उनी पहिलोपटक बनस्थलीस्थित रास्वपा केन्द्रीय कार्यालय पुगेका हुन् । बालेन कार्यालय पुग्ने जानकारी पाएसँगै त्यहाँ समर्थकको बाक्लो भीड लागेको थियो । पार्टी कार्यालयमा बालेनलाई रास्वपा सभापति रवि लामिछानेले स्वागत गरेका थिए ।
बालेनको स्वागतका लागि विशेष कार्यक्रम पनि गरिएको थियो । रास्वपाका वरिष्ठ नेतासमेत रहेका बालेन आगामी प्रतिनिधिसभा निर्वाचनमा झापा–५ बाट उम्मेदवारी दिने तयारीमा छन् ।

# सप्तरी–२: राउत नै उठ्ने उपेन्द्रको निर्वाचन क्षेत्र अनिश्चित





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर २ मधेशकै सबैभन्दा चर्चित निर्वाचन क्षेत्र बनेको थियो । यो निर्वाचन क्षेत्रमा मधेश केन्द्रित स्थापित दल जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र वैकल्पिक शक्तिका रूपमा उदाएको जनमत पार्टीका अध्यक्ष डा. सीके राउतबीच प्रत्यक्ष प्रतिस्पर्धा भएको थियो । चुनावमा राउतले यादवलाई ठूलो मतान्तरले पराजित गरेका थिए ।
यसपटक पनि सप्तरी–२ ले धेरैको ध्यान तानेको छ । तर अघिल्लो चुनावजस्तो यादव र राउत आमनेसामने हुने सम्भावना भने देखिँदैन । कारण, दुवै नेता आबद्ध दल लोकतान्त्रिक मोर्चामा सहभागी रहेकाले आपसी चुनावी तालमेल गर्ने सहमति भइसकेको छ ।
यस सन्दर्भमा जनमत पार्टीले डा. सीके राउत नै सप्तरी–२ बाट उम्मेदवारी दिने स्पष्ट संकेत गरिसकेको छ ।
राउतको सचिवालयका अनुसार उनी सोही क्षेत्रबाट पुनः चुनाव लड्ने तयारीमा जुटिरहेका छन् । यद्यपि लोकतान्त्रिक मोर्चाबाट हालसम्म औपचारिक निर्णय सार्वजनिक भएको छैन ।
उता, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि सप्तरीबाटै चुनाव लड्ने बताइए पनि कुन क्षेत्रबाट उम्मेदवारी दिने भन्ने विषय गोप्य राखिएको छ । जसपा नेपालका एक नेताका अनुसार उपेन्द्र यादवको निर्वाचन क्षेत्र मोर्चामा आबद्ध दलहरूबीच शीर्ष तहमा छलफल भएपछि मात्र टुंगो लाग्नेछ । 'उपेन्द्र यादव सप्तरीबाटै चुनाव लड्नुहुन्छ, तर कुन क्षेत्र भन्ने विषयमा अहिले नै खुलाइएको छैन,' ती नेताले भने ।
जसपा नेपालका नेताहरूका अनुसार लोकतान्त्रिक मोर्चामा रहेका शीर्ष नेताहरूबीच आपसी प्रतिस्पर्धा नगर्ने समझदारी बनेको छ । मोर्चामा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष डा. सीके राउत र नागरिक उन्मुक्ति पार्टी नेपालका संरक्षक रेशम चौधरी एकअर्काको निर्वाचन क्षेत्रमा नउत्रिने सहमति रहेको बताइन्छ ।

# दुई पूर्वमुख्यमन्त्रीसहित ४ प्रदेशसभा सदस्य प्रतिनिधि सभामा उम्मेदवार









**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मधेश प्रदेशका विभिन्न जिल्लाबाट उम्मेदवार टुंग्याउने क्रममा प्रदेशका उच्च पद सम्हालेका नेतालाई पनि अघि सारेको छ । एमालेले मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये २७ क्षेत्रमा उम्मेदवार चयन गर्दा दुई जना पूर्वमुख्यमन्त्री, एक जना पूर्वसभामुख र एक जना पूर्वमन्त्रीलाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाउने निर्णय गरेको हो ।
उम्मेदवार बन्नेहरूमा जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सप्तरी क्षेत्र नम्बर २ का प्रदेशसभा सदस्य सतिशकुमार सिंह पनि परेका छन् । एमालेको निर्णयअनुसार सिंहलाई सोही क्षेत्रबाट उम्मेदवार बनाइने उल्लेख गरिएको छ । सिंह मुख्यमन्त्री रहँदा पार्टीको निर्देशन विपरीत राजीनामा नदिएको विषयलाई लिएर जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो ।
सिंहको राजनीतिक यात्रा उतारचढाव देखिन्छ । उनी २०७४ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी नेपालबाट निर्वाचित भएका थिए । २०७९ को स्थानीय तह निर्वाचनमा पराजित भएपछि उनी जनमत पार्टीबाट प्रदेशसभा सदस्य निर्वाचित भएका थिए ।
यसैगरी, एमालेले धनुषा क्षेत्र नम्बर १ बाट मधेश प्रदेशका पूर्व सभामुख रामचन्द्र मण्डललाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।
महोत्तरी क्षेत्र नम्बर ४ बाट निवर्तमान मुख्यमन्त्री तथा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई पनि प्रतिनिधिसभा सदस्यको उम्मेदवारका रूपमा अघि सारिएको छ ।
पर्सा क्षेत्र नम्बर ३ बाट मधेश प्रदेशका पूर्व खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद जयसवाललाई उम्मेदवार बनाउने निर्णय गरिएको छ । जयसवाल २०७९ को प्रदेशसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचित भएपछि एमालेमा प्रवेश गरेका थिए ।
निर्वाचन आयोगका अनुसार प्रतिनिधिसभा सदस्य पदमा उम्मेदवारी दर्ता गरेपछि उम्मेदवारहरू स्वतः आफ्नो हालको पदबाट पदमुक्त हुने व्यवस्था छ । यही कारण मधेश प्रदेशमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा आधा दर्जनभन्दा बढी प्रदेशसभा सदस्य उम्मेदवारी दिने तयारीमा रहेको श्रोतले जनाएको छ ।
यद्यपि, सतिशकुमार सिंहले भने आफू स्वाभिमान पार्टीबाट उम्मेदवारी दिने स्पष्ट पारेका छन् । उनका अनुसार एमालेले आफूलाई प्रत्यक्ष उम्मेदवार नबनाई सहयोगी भूमिका मात्रै निर्वाह गर्ने बताए ।

# नीति तथा योजना आयोगमा सिंह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षमा राजकुमार सिंह नियुक्त भई पदभार ग्रहण गरेका छन् । प्रदेश सरकारको निर्णयअनुसार उपाध्यक्षमा नियुक्त सिंहले आइतबार औपचारिक रूपमा कार्यभार सम्हालेका हुन् ।
पदभार ग्रहणपछि उपाध्यक्ष सिंहले मधेश प्रदेशको दीर्घकालीन विकास, नीति निर्माण तथा योजनाको प्रभावकारी कार्यान्वयनमा आयोगलाई अझ सशक्त र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले समावेशी विकास, सुशासन, पारदर्शिता तथा तथ्यमा आधारित योजना निर्माणलाई प्राथमिकतामा राख्दै काम गर्ने स्पष्ट पारे ।
राजनीति तथा सार्वजनिक नीति क्षेत्रमा अनुभव बटुलेका सिंहको नियुक्तिसँगै आयोगको कार्यक्षमता थप सुदृढ हुने विश्वास गरिएको छ ।

# उम्मेदवारी दर्ता म्याद स्थगन गर्न कांग्रेसको निवेदन

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाली कांग्रेस, शेरबहादुर देउवा समूहले माघ ६ गते प्रतिनिधि सभा निर्वाचनको प्रत्यक्षतर्फको मनोनयन मिति स्थगन गर्न माग गर्दै निर्वाचन आयोगमा निवेदन दिएको छ । शनिबार बसेको समूहको केन्द्रीय कार्यसमिमितिको निर्णयबमोजिम शुक्रबार निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेलगत्तै निर्वाचन कार्यक्रम स्थगनको माग गर्दै निवेदन दर्ता गराएको हो ।
**पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेल, पूर्वमहान्यायाधीवक्ता** खम्बबहादुर खाती र अधिवक्ता केशवराज जोशीले निर्वाचन आयोग पुगेर निर्वाचन कार्यक्रम स्थगनको निवेदन दर्ता गराएका छन् । 'निर्वाचन आयोगमा गत शुक्रबारको निर्णयले मुलुकको लोकतान्त्रिक र पुरानो पार्टीलाई निर्वाचनबाट वञ्चित गर्न खोजेको देखिएकाले सर्वोच्चमा रिट दर्ता गरिएको हो,' अधिवक्ता जोशीले भने । रिट निवेदनमा सर्वोच्चमा दायर गरेको रिट निवेदनको अन्तिम किनारा नलागेसम्म निर्वाचनमा सम्पूर्ण कार्यक्रम स्थगन गर्न माग गरिएको छ ।
'नेपाली कांग्रेसको आधिकारिकता सम्बन्धी विवादको निरूपण नगरी पदाधिकारीको विवरण अद्यावधिक गरी पाउँ भन्ने कथित निवेदनको आधारमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ आकर्षित गर्न नहुने कानूनी व्यवस्थाको प्रयोग गरी, नेपाली कांग्रेस पार्टीका दुवै पक्ष राखी छलफल नगराई, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४३,४४,४५ र ४६ अनुसार गर्नुपर्नेमा सो नगरी एक पक्षलाई सुनवाइको मौका समेत नदिई माग २ गते को यस आयोगको निर्णयले नेपाली कांग्रेस जस्तो पुरानो लोकतान्त्रिक पार्टीलाई दलीय रूपमा निर्वाचनमा जान बञ्चित गरेको देखिन आयो, तसर्थ यस आयोगको उक्त मितिको निर्णय उपर नेपाली कांग्रेस पार्टी निर्वाचन आयोगको निर्णय गैरसंवैधानिक, गैरकानून, प्रचलित ऐन कानून र यसै आयोगले यसभन्दा अगाडि गरेका निर्णय र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर र सिद्धान्तसमेत विपरीत छ,' निवेदनमा भनिएको छ, 'त्यस उपर आइतबार सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण परमादेश समेत रिट निवेदन दर्ता गरी आगामी माघ ६ गतेको पेशी समेत तोकी पाएको हुँदा मुद्दाको सम्बन्धमा न्याय निरूपण नभएसम्म आगामी फागुन २१ मा हुने भनिएको प्रतिनिधि सभा सदस्यको निर्वाचनको मनोनयन लगायतका सम्पूर्ण निर्वाचन कार्यतालिका स्थगन गरी पाउँ भनी निवेदन लिई उपस्थित भएको छु,' कांग्रेस निर्वाचन आयोगमा दर्ता गरेको निवेदनमा भनिएको छ ।

# उम्मेदवारी मनोनयनमा चाहिन्छ १३ प्रकारका कागजात

**काठमाडौँ ।**
निर्वाचन आयोगले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयन पत्र दर्ता गर्दा १३ प्रकारका कागजात संलग्न गर्नुपर्ने स्पष्ट पारेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचनका लागि माघ ६ गते हुने मनोनयन पत्र दर्ता गर्दा उम्मेदवारको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि, कुनै स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा आवश्यक पर्ने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

उम्मेदवारी दिँदा सङ्घीय, प्रदेश वा स्थानीय सरकारमा तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व अथवा नियन्त्रणमा रहेको वा तीनै तहका सरकारबाट अनुदान प्राप्त संस्थाबाट पारिश्रमिक पाउने गरी बहाल रहेको भए त्यस्तो पदबाट राजीनामा दिएको निस्सा पनि उम्मेदवारले पेस गर्नुपर्ने उनले बताए ।

उम्मेदवारले प्रतिनिधि तोकी मनोनयन पत्र दर्ता गर्ने भएमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २४ सँग सम्बन्धित अनुसूची ११ बमोजिमको प्रतिनिधि मुकरर गरेको फारम भर्नु्पर्नेछ । यसैगरी प्रचलित कानुनबमोजिम योग्यता पुगेको व्यक्तिले मनोनयन पत्र दर्ता गर्दा वा गराउँदा प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ८ बमोजिम सोही निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका एक जना प्रस्तावक र एक जना समर्थक भई विवरण भरी सहीछाप गरेको मनोनयन पत्र पनि पेस गर्नुपर्ने आयोगले जनाएको छ ।

दलका तर्फबाट उम्मेदवारी दिएको भए मनोनयनको औपचारिक पत्र प्रदान गर्न अधिकार पाएको दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीले प्रदान गरेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र आवश्यक पर्नेछ । एकल चुनाव चिह्न लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी दलहरुको हकमा प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची ८ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र पनि समावेश गर्नुपर्नेछ ।

निर्वाचन अधिकृतको कार्यालयमा रु १० हजार धरौटी जम्मा गरेको रसिद वा भौचर पनि पेस गर्नुपर्नेछ । तर महिला र दलित वा अल्पसङ्ख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा भने धरौटी रकममा ५० प्रतिशत छुट हुने आयोगका प्रवक्ता भट्टराईले बताए । विपन्नका हकमा स्थानीय तहले आर्थिक रुपमा विपन्न भनी सिफारिस गरेको पत्र पनि समावेश गर्नुपर्नेछ ।

उम्मेदवारले प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा २१ सँग सम्बन्धित अनुसूची ९ बमोजिमको ढाँचामा आफ्नो चल, अचल सम्पत्ति, बैङ्क तथा वित्तीय संस्थामा रहेको खाता, धितोपत्र, सेयर, ऋणपत्र, कसैलाई ऋण दिएको वा लिएको भए त्यसको समेत सम्पूर्ण विवरण उल्लेख गरी सिलबन्दी रुपमा पेस गरेको सम्पत्ति विवरण पनि पेस गर्नुपर्ने जनाइएको छ ।

निर्वाचन निर्देशिका, २०८२ को दफा २२ सँग सम्बन्धित अनुसूची १० बमोजिम भरिएको वैयक्तिक विवरण फारम, निर्वाचित, मनोनीत वा नियुक्त भएको निकायबाट कुनै पनि प्रकारको पेस्की लिएको भए फछ्र्यौट भएको व्यहोराको निस्सा संलग्न गर्नुपर्नेछ ।

लेखापरीक्षणबाट कुनै पनि उम्मेदवारका नाममा किटानीसाथ असुल उपर गर्नुपर्ने भनी कायम भएको बेरुजु भए फछ्र्यौट गरेको निस्सा र निर्वाचन आचारसंहिता, २०८२ को अनुसूची ३ बमोजिमको प्रतिबद्धता पत्र पनि समावेश गर्नुपर्ने आयोगले आइतबारै जारी गरेको विज्ञप्तिमा पनि उल्लेख गरिएको छ ।

# पूर्व मञ्जुरीको व्यवस्थाबाट आदिवासी–जनजाति लाभान्वित

**काठमाडौँ ।**
स्वतन्त्र अग्रिम जानकारीसहितको मञ्जुरी (एफपिआइसी) को अन्तरराष्ट्रिय प्रावधानअनुसार नेपालका विभिन्न जलविद्युत् आयोजनाबाट आदिवासी–जनजाति समुदायको विकासका लागि योजनाबद्ध बजेट तर्जुमा शुरु भएको छ ।

नेपाल आदिवासी जनजाति महासङ्घ, सङ्घीय परिषद् र आयोजनास्थलका समुदायका प्रतिनिधिको सहजीकरणमा २१६ मेगावाट क्षमताको माथिल्लो त्रिशूली–१, १०६१ मेगावाटको माथिल्लो अरुण र ६७० मेगावाट दूधकोशी जलाशय क्षेत्रमा आदिवासी जनजाति विकास योजना (आइपिपी) अनुसार आयोजनाबाट बजेट प्रबन्ध हुन थालेको हो । कुनै पनि ठूला आयोजना सञ्चालन गर्दा प्रकृतिको दोहन हुने र आदिवासी जनजातिको परम्परा तथा रोजीरोटी गुम्न सक्ने भएकाले आयोजना सञ्चालन पूर्व ती समुदायको पूर्व मञ्जुरी लिनुपर्ने र त्यसबापत आदिवासी जनजाति विकास योजना तर्जुमा गरी बजेट विनियोजन गर्नुपर्ने प्रक्रिया नेपालमा यसअघि कार्यान्वयनमा आएको थिएन ।

यसबाट आयोजना पक्ष र समुदाय दुवैलाई लाभ हुने स्थिति उत्पन्न भएको नेपाल आदिवासी जनजाति महासङ्घले जनाएको छ । माथिल्लो त्रिशूली–१ मा १५ करोड रुपैयाँ, माथिल्लो अरुणमा ६० करोड रुपैयाँ र दूधकोसी जलाशयमा करिब एक अर्ब रुपैयाँ बजेट समुदायको विकासका लागि सुनिश्चत भएको हो ।

महासङ्घ, सङ्घीय परिषद्का महासचिव दिवस राईले समुदायलाई केवल प्रभावित पक्षका रूपमा नभई विकासको साझेदारका रूपमा स्थापित गर्न अन्तरराष्ट्रिय मान्यताअनुसार समुदायले अधिकारमुखी आन्दोलन सञ्चालन गरेको प्रतिफलका रूपमा यो प्राप्ति भएको बताए । ‘आयोजना सञ्चालन गर्दा अब यस प्रकारको मञ्जुरी प्रक्रिया अवलम्बन गर्नुपर्छ । नत्र लगानी हुँदैन । सरकारले आयोजना बनाउन पाउँदैन । यो एक प्रकारको सर्तसहितको मञ्जुरी हो, सर्त पूरा नभए समुदायले चाहेको समयमा फिर्ता लिन पनि सक्नेछन्,’ उनले भने ।

महासचिव राईले स्थानीय सरकार, आदिवासी जनजातिको समुदायको समिति, परम्परागत संस्था, युवा, महिला, ज्येष्ठ नागरिकलगायत सबैको प्रतिनिधित्वमा सहमति खोजिने र सहमति हुन्न भन्ने अधिकार आदिवासी जनजातिको रहने बताए ।

यस प्रकारको बजेट प्रबन्धबाट आयोजना प्रभावित क्षेत्रमा स्थानीय रूपमा धारा, गुम्बा आदि विकास कार्यक्रममा बजेट प्राप्त हुनेछ । महासङ्घमा आफूहरूले नेतृत्व गरेपछि आदिवासी जनजाति समुदायको अधिकारमुखी आन्दोलनले गति लिएको र यो कार्य पनि एक महत्त्वपूर्ण उपलब्धि भएको उनको भनाइ छ ।

महासङ्घका उपाध्यक्ष लाक्पा शेर्पा कुनै आयोजना सञ्चालन हुँदा आदिवासी जनजाति समुदायलाई प्रभावित हुन सक्ने र प्राकृतिक स्रोतको दोहन हुने भएकाले आदिवासी जनजातिहरूको भूमि, क्षेत्र र स्रोतहरूको अधिकारलाई असर गर्ने परियोजनाहरूको सञ्चालन गर्दा स्वतन्त्र पूर्व सूचनासहितको मञ्जुरी प्रक्रियाको आरम्भ हुनु सकारात्मक भएको बताउँछन् । यो प्रक्रियामा सरकार पक्ष राष्ट्र भए पनि कार्यान्वयन नभएको सन्दर्भमा हरित ऊर्जाको प्राथमिकीकरणका लागि पनि कोसेढुङ्गा हुने भएको छ ।

कार्बन उत्सर्जन नहुने खालका उत्पादनमा प्राथमिकतासहित विश्व बैङ्कलगायत अन्तरराष्ट्रिय बैङ्क र लगानीकर्ताले यसलाई अँगालेपछि लगानी भित्र्याउन सहज हुने भएकाले पनि पूर्व मञ्जुरी र योजनाबद्ध विकासका लागि बजेट व्यवस्थाको क्रम शुरु भएको शेर्पाले बताए ।

जलविद्युत् आयोजना विकास, निर्माण र सञ्चालनका क्रममा प्रभावित आदिवासी जनजाति समुदायको अधिकार सुनिश्चित गर्न एफपिआइसी प्रक्रिया अवलम्बन गर्न अन्तरराष्ट्रिय श्रम सङ्गठन (आइएलओ) महासन्धि–१६९ मा नेपाल पक्ष राष्ट्र भइसकेको छ ।

साथै संयुक्त राष्ट्रसङ्घीय आदिवासी जनजाति अधिकार घोषणापत्रले पनि यस अधिकारलाई सुनिश्चित गरेको छ । माथिल्लो त्रिशूली, माथिल्लो अरुण र दूधकोसी जलाशय आयोजना क्षेत्रका आदिवासी जनजाति समुदाय लामो समयदेखि भूमि उपयोग, प्राकृतिक स्रोतको पहुँच तथा जीविकोपार्जनमा परेको प्रभावका विषयमा उचित क्षतिपूर्ति र लाभको माग गर्दै आएका थिए । महासङ्घ सङ्घीय परिषद्को समन्वयमा सरोकार भएका निकायसँग भएको छलफल र सहमतिपछि लाभांश वितरण प्रक्रिया अघि बढाइएको जनाइएको छ ।

आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणापत्रको धारा १९ ले राज्यहरूलाई आदिवासी जनजातिलाई असर गर्न सक्ने विधायकी वा प्रशासनिक उपायहरू अपनाउनु र कार्यान्वयन गर्नुअघि उनीहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति प्राप्त गर्नका लागि प्रतिनिधि संस्थाहरूमार्फत सद्भावपूर्वक परामर्श र सहयोग गर्न आवश्यक हुने भनेको छ । घोषणापत्रको धारा ३२ ले आदिवासी जनजातिलाई असर गर्ने कानुन वा प्रशासनिक नीतिहरू अपनाउन भनेको छ ।

खानी र अन्य उपयोग वा स्रोतहरूको शोषणसहित आदिवासी जनजातिको भूमि, क्षेत्र र स्रोतहरूको अधिकारलाई असर गर्ने परियोजनाहरूको सञ्चालन गर्दा स्वतन्त्र पूर्व सूचनासहितको मञ्जुरी प्रक्रिया गराउनुपर्ने भनिएको छ । योजनामा स्थानीय आदिवासी जनजाति समुदायका लागि आधारभूत खानेपानी, शिक्षा, स्वास्थ्य, धार्मिक परम्परागत रीतिथिति, स्थानीय पूर्वाधार तथा जीविकोपार्जन प्रवद्र्धनका कार्यक्रम समावेश गरिन्छ । रासस

# ‘आदिवासी जनजाति महिलाको सशक्त सहभागिताबिना विकास असम्भव’

**काठमाडौँ ।**
महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले आदिवासी जनजाति महिलाको सशक्त, अर्थपूर्ण र निर्णायक सहभागिता बिना समावेशी विकास सम्भव नहुने बताएकी छन् ।

उनले संसद् र नीतिनिर्माण तहमा आदिवासी जनजाति महिलाको उल्लेखनीय उपस्थिति भएमा मात्र दिगो र समावेशी विकासको लक्ष्य हासिल गर्न सकिने धारणा राखिन् ।

राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घको २५औँ रजत जयन्तीका अवसरमा आयोजित कार्यक्रममा मन्त्री श्रेष्ठले लैङ्गिक असमानता, सामाजिक विभेद, आर्थिक अवसरको सीमितता र सांस्कृतिक बहिष्करण आइतबार पनि आदिवासी जनजाति महिलाका मुख्य चुनौतीका रूपमा रहेको बताइन् ।



उनले भनिन्, ‘शिक्षा, सचेतनामूलक अभियान, समुदायस्तरीय सशक्तिकरण र संस्थागत पैरवीमार्फत यी चुनौती समाधान गर्न सकिन्छ । यसका लागि एकीकृत प्रयास आवश्यक छ ।’ मन्त्री श्रेष्ठले संविधानले सुनिश्चित गरेका समावेशिता, समानता र सामाजिक न्यायका सिद्धान्तलाई व्यवहारमा उतार्न आदिवासी जनजाति महिलाको सक्रिय सहभागिता अनिवार्य रहेको बताइन् । उनले महिलाको मतदाता सहभागिता बढाउने, महिला उम्मेदवारी प्रवद्र्धन गर्ने तथा ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायको सहभागिता सुनिश्चित गर्न मन्त्रालय सक्रिय रहेको बताइन् ।

‘विशेष गरी नीतिनिर्माण तहमा सीमित प्रतिनिधित्व रहेको आदिवासी जनजाति महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न म प्रतिबद्ध छु,’ उनले भनिन् ।

# सिरहा १ मा फेरिए एमालेका उम्मेदवार

**मधेशदृष्टि**
**लहान ।**
नेकपा एमालेले शनिबार राति टुंगो लगाएको उम्मेदवार सूचीमा सिरहाको क्षेत्र नं. १ मा गलत नाम परेको कारण ‘सच्चिएको’ छ । एमालेका मधेश प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठका अनुसार सचिवालय बैठकपछि उपमहासचिव लेखराज भट्टले पढेको र सार्वजनिक गरिएको सूचीमा आएको नाम फरक भएको बताए ।

सिरहा १ बाट केदार यादवको नाम सूचीमा थियो । तर, उपमहासचिव भट्टले रामशंकर यादवको नाम पढेको र सोही नाम आधिकारिक भएको श्रेष्ठले बताए । श्रेष्ठले भने, ‘कहाँ, कहाँ के नाम आएको छ, थाहा भएन, तर आधिकारिक नाम बैठकबाट पास भएको र प्रवक्ताले बैठकपछि भनेकै हुन्छ ।’

# निर्वाचन आचारसंहिता मध्यरातदेखि लागू हुँदै

**काठमाडौँ ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आइतबार मध्यरातदेखि निर्वाचन आचारसंहिता, २०८२ लागू हुने भएको छ ।

निर्वाचन आयोगको आइतबार बसेको बैठकले यस्तो निर्णय गरेको सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्न आवश्यक भएकाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले आचारसंहिता बनाई लागू गरेको उनले बताए ।

आचारसंहिताबारे आइतबारै आयोगका पदाधिकारीहरूले मन्त्रिपरिषद्का सदस्य र उच्चपदस्थ सरकारी कर्मचारीलाई जानकारी गराउने कार्यक्रम छ ।

# ‘पर्वतारोहण र पर्यटनले नेपाल–क्यानडा सम्बन्धलाई थप सुदृढ बनाएको छ’



**काठमाडौँ ।**
सरोकार भएकाहरूले पर्वतारोहण र पर्यटनले नेपाल–क्यानडा सम्बन्धलाई अझ सुदृढ बनाएको धारणा व्यक्त गरेका छन् ।

नेपाल र क्यानाडाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ६१औँ वर्षगाँठका अवसरमा नेपाल–क्यानाडा मैत्री तथा सांस्कृतिक सङ्घको आयोजनामा आइतबार भएको ‘नेपाल क्यानडा सम्बन्ध विस्तारमा पर्वतारोहण पर्यटन’ विषयक अन्तरक्रियामा सरोकार भएकाहरूले दुई देशको सम्बन्ध विस्तारमा पर्यटन क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको बताएका छन् ।

नेपाल र क्यानडाबीच १८ जनवरी १९६५ मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको हो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सङ्घका पर्यटनविज्ञ आङछिरिङ शेर्पाले क्यानाडाले नेपालको स्वास्थ्य, शिक्षा, आर्थिक विकास, पूर्वाधार, जलविद्युत् र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको बताए । उनले भने, ‘क्यानडेली पर्वतारोही र पर्यटकहरूको निरन्तर आगमनले नेपालको पर्यटन प्रवद्र्धनमा ठूलो भूमिका खेलेको छ । साथै, क्यानडाको सर एडमन्ड हिलारी फाउन्डेसनले खुम्बु र हिमाली क्षेत्रमा शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र समुदाय विकासमा उल्लेखनीय योगदान दिएको छ ।’

पर्यटनविज्ञ शेर्पाले हिमालय नेपालका लागि केवल भौगोलिक संरचना मात्र नभई सभ्यता, संस्कृति र भविष्यको आधार भए पनि आइतबार जलवायु परिवर्तनका कारण तीव्र रुपमा हिमनदी पग्लिने, हिमताल फुट्ने जोखिम बढ्नु चिन्ताजनक रहेको धारणा राखे ।

‘हिमालयको संरक्षण गर्नु भनेको मानव सभ्यताको भविष्य सुरक्षित गर्नु हो । क्यानडाजस्ता मित्रराष्ट्रसँगको सहकार्यमार्फत दिगो विकास, जलवायु अनुकूलन र विपद् जोखिम न्यूनीकरण सम्भव छ,’ उनले भने । यसैगरी सङ्घका संरक्षक, पूर्वराजदूत तथा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले पर्वतारोहण पर्यटनमा क्यानडाको चासो रहँदै आएको बताउँदै हिमताल जोगाउने विषयमा नेपालको मात्र नभई विश्वकै चिन्ता रहेको बताए । उनले आगामी दिनमा हिमाल जोगाउने विषयमा थप सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिए । कार्यक्रमका प्रमुख अतिथि एवम् नेपाल प्रज्ञा–प्रतिष्ठानका पूर्वकुलपति गङ्गाप्रसाद प्रतिष्ठानका पूर्वकुलपति उप्रेतीले नेपाल र क्यानाडाले विश्वस्तरका सामाजिक र मानवीय मुद्दामा सहकार्य गर्दै अघि बढ्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा सङ्घका अध्यक्ष निरोज मास्के, उपाध्यक्ष प्रा डा गोपाल पोखरेल, सङ्घका पूर्वअध्यक्ष इन्जिनियर केशव कुँवर, सदस्य देवेश ढुङ्गाना, सगरमाथा आरोही शेर्पाले आफ्नो धारणा राखेका थिए ।

त्यस अवसरमा सगरमाथा आरोही लाक्पा दोर्जी शेर्पा र नेपालकी कीर्तिमानी अल्ट्राधावक मिरा राईलाई विशेष सम्मान गरिएको थियो । कार्यक्रममा सङ्घका संरक्षक तथा परराष्ट्रविद एवम् क्यानाडाका लागि नेपालका पूर्वराजदूत हिरण्यलाल श्रेष्ठ, पूर्वराजदूत कालीप्रसाद पोखरेललगायतको उपस्थिति रहेको थियो । रासस



# नेकपा र जनमतका नेता कार्यकर्ता आजपामा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**

आम जनता पार्टी (आजपा)सँग पार्टी एकीकरणका साथै पार्टी प्रवेश गर्ने लहर चलेको छ । २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन मिति नजिकिदै जाँदा पार्टी एकीकरण र पार्टी प्रवेश दिनदिनै भइरहेको छ ।

काठमाडौँको कोटेश्वरस्थित आजपा केन्द्रीय कार्यालयमा आइतबार आजपा र पहिला देश अभियानबीच पार्टी एकता भएको छ । पाँच बुँदे सहमति गर्दै आजपा र अभियानबीच पार्टी एकीकरण भएको घोषणा भएको हो ।

आजपा अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साह र अभियानका संयोजक नन्दप्रसाद काप्रीले सहमतिपत्रमा हस्ताक्षर गर्दै २१ फागुनको निर्वाचनमा मोबाइल चुनाव चिन्हबाट निर्वाचनमा सहभागी हुने सहमति गरेका छन् । 'आगामी २०८२ फाल्गुन २१ गतेमा सम्पन्न हुन गईरहेको संसदीय चुनावमा आम जनता पार्टीको चुनावी अभियानलाई परिणाममुखी बनाउन पहिला देश अभियान र आम जनता पार्टीको नीति बमोजिम हुने सबै क्रियाकलापमा संयक्त भूमिका खेल्ने समझदारी गर्दछौँ,' सहमति पत्रमा उल्लेख गरिएको छ ।



यसैगरी, पुष्पकमल दाहाल प्रचण्ड संयोजक र माधवकुमार नेपाल सहसंयोजक रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का १२ जना केन्द्रीय सदस्य आजपामा प्रवेश गरेका छन् । विद्या प्रसाद शर्मा (दैलेख), राधेश्याम गुप्ता (रुपन्देही) सहितका १२ जना केन्द्रीय सदस्य आजपामा प्रवेश गरेका हुन् ।

'विगत लामो समयदेखि वामपन्थी आन्दोलनमा सक्रिय योगदान गर्दै आएका प्रभावशाली नेता तथा नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्यद्वय विद्या प्रसाद शर्मा (दैलेख –१) र राधेश्याम गुप्ता (रूपन्देही–३)हाम्रो आम जनता पार्टीमा गोलबन्द हुनुभएकोमा उनलाई सहर्ष हार्दिक स्वागत, सम्मान, बधाईसहित थप उज्जवल भविष्यको भव्य शुभकामना व्यक्त गर्दछु,' पार्टी प्रवेश गराउँदै अध्यक्ष साहले भने ।

यसैगरी आइतबारै, जनमत पार्टीका केन्द्रीय सदस्य एवम् मण्डल सेवा समाजका पूर्व अध्यक्ष पवनकुमार मण्डलले पनि आजपामा प्रवेश गरेका छन् । अध्यक्ष साहले उनीहरुलाई टिका, माला लगायर पार्टीमा प्रवेश गराउँदै स्वागत गरेका छन् ।

# तेली समुदायको बनभोज



**मिश्री लाल मधुकर**
**जनकपुरधाम ।**

शनिबार नेपाल तेली कल्याण समाज, जनकपुरधाम उपमहानगरपालिका वडा १ द्वारा निर्माणाधीन मणिपाल मेडिकल कलेजको क्याम्पसमा बनभोज कार्यक्रम भएको छ ।

शैलेन्द्र शाहको अध्यक्षतामा आयोजित कार्यक्रममा राजनीतिक तथा सामाजिक मुद्दामा छलफल गरिएको थियो । सबै वक्ताले सर्वसम्मतले सहमति जनाउँदै तेली समुदायले आफ्नो समुदायलाई सबैभन्दा बढी संसदीय सिट दिने पार्टीलाई मतदान गर्ने निर्णय भएको छ ।

वक्ताहरूले महिला शिक्षा, दाइजो उन्मूलन, गरिब तथा जेहेन्दार विद्यार्थीलाई सहयोग जस्ता विषयमा छलफल गरे ।

जिल्ला अध्यक्ष ललित शाह, नेपाल वैश्य कल्याण संघ धनुषाका जिल्ला अध्यक्ष श्याम शाह, नगर अध्यक्ष राम बाबु शाह, उपाध्यक्ष अम्बुप्रसाद शाह, परमेश्वर शाह, जिल्ला सचिव श्याम कुमार शाह, विजय कुमार शाह, जयप्रकाश शाह, निरञ्जन शाह, महेश शाह, दिलीप शाह लगायत प्रतिष्ठितहरु उपस्थित थिए ।

# जनजाति कल्याण आश्रमको वार्षिकोत्सव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

जनकपुरधामको रत्न सागर तटमा अवस्थित जनजाति कल्याण आश्रम जनक छात्राबासले शनिबार मधेशी प्रदेशका माननीय सभामुख रामाशीष यादवको प्रमुख आतिथ्य र कृष्णकुमार दीक्षितको अध्यक्षतामा ११ औं वार्षिकोत्सव समारोह र खिचडी कार्यक्रम गरेको छ । सभामुख यादवले देशभरका ९० जनजाति कल्याण आश्रमका विद्यार्थी नेपालका विभिन्न सरकारी तथा निजी संस्थाहरूमा अध्ययनरत र सेवारत रहेको बताए । जनजाति कल्याण आश्रमबिना गरिब आदिवासी तथा दलित परिवारका बालबालिकाले पढ्न नसक्ने अवस्था रहेको बताइएको थियो । जनजाति कल्याण आश्रमका विद्यार्थीले घरेलु तथा अन्तर्राष्ट्रियस्तरमा खेलकूद र नृत्यमा विशिष्टता हासिल गरेका छन् ।



अध्यक्षीय सम्बोधनमा कृष्णकुमार दीक्षितले जनजाति कल्याण आश्रम जनक छात्रावासमा प्रति विद्यार्थी वार्षिक खाना खर्च २५ हजार रुपैयाँ रहेको बताए, जुन दाताले प्रदान गर्छन् । उनले उपस्थित सबैलाई जनजाति कल्याण आश्रममा योगदान गर्न आग्रह गरे । जनजाति कल्याण आश्रम जनक छात्रावासका विद्यार्थीहरूले शिव ताण्डव नृत्य, राउटे नृत्यलगायत विभिन्न नृत्य प्रस्तुत गरेर दर्शकहरूलाई मन्त्रमुग्ध बनाए ।

समारोहमा प्रतिष्ठित व्यवसायी, उद्योगपति, सामाजिक कार्यकर्ता, विश्व हिन्दू परिषद्का पदाधिकारी, नेपाल हिन्दू स्वयंसेवकका पदाधिकारी र स्वयंसेवकको उपस्थिति थियो ।

# रुपेश पाण्डे स्वतन्त्र रहेको दाबी

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्सा निर्वाचन क्षेत्र नं. ३ मा क्रियशिल युवा नेता रुपेश पाण्डेले आफु कुनै पनि पार्टीमा सहभागी नभएको र स्वतन्त्ररुपमा रहेको बताएका छन् ।

शनिवार नेकपा एमालेका अध्यक्ष केपी ओलीसंग भेटघाट भएको तर एमालेमा आफु प्रवेश नगरेको, पाण्डेले जनाएका हुन् ।

बर्तमान राजनीतिक घटनाक्रमबारे छलफलको क्रममा एमाले पर्साका नेताहरू सहित अध्यक्ष ओलीसंग भेट गर्दा, अध्यक्ष ओलीले आफुलाई खादा पहि¥याएर सम्मान गरेको तर त्यही सम्मानको फोटो देखेर एमालेमा प्रवेश गरेको भन्ने प्रचार केही पक्षबाट भएको भन्दै, उनले आफु एमालेमा प्रवेश नगरेको दोहो¥याएका छन् ।

एमाले पर्साका सचिव तथा जिल्ला संगठन विभागका प्रमुख महेश दासले भने पाण्डे एमालेमा प्रवेश गरेको पुष्टी गरेका थिए । एमालेका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभू हजराले सचिव दासको कुरालाई खण्डन गर्दै नेता पाण्डेको भनाईमा सहमति जनाएका छन् ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**

रौतहट जिल्लाको दुर्गा भगवती गाउँपालिका स्थित कछुअवा पुलमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ, भने अर्को एक जना गम्भीर घाइते भएका छन् ।

गौर गंगापिपरा सडक खण्ड अन्तर्गत पर्ने दुर्गा भगवती गाउँपालिका वडा नम्वर ३ र ५ को बीचमा रहेको कछुअवा पुलबाट बिआर ३० एई ५१ ३८ नम्बरको मोटरसाइकल शनिबार साँझ पुलबाट खस्दा एक जनाको घटनास्थलमै मृत्यु भएको हो ।

मृत्यु हुने भारत विहारको सिवोअर थाना, पिडारी निवासी बर्ष ३० को मिन्टु पासवान रहेको र घाइते सोही स्थान निवासी बर्ष २७ को रुपेश पासवान रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पुलको पूर्व तर्फ दुई जना खसेको देखेपछि स्थानीय बासिन्दाले इलाका प्रहरी कार्यालय गंगापिपरालाई खवर गरेका थिए ।प

्रहरीले घाइतेलाई उद्धार गरि उपचारको लागि गौर पठाएको हो । घाइते र मृतक दुबै जनाको आफन्तजन रौतहट आइसकेको प्रहरीले बताएको छ ।

# नेसपाको उम्मेदवार टुँङ्गो

**मधेशदृष्टि**
**वीरगंज ।**

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि नेपाल सद्भावना पार्टीले बाराका सबै निर्वाचन क्षेत्रमा उम्मेदवार टुंगो लगाएको छ । पार्टीले संगठनात्मक छलफल र आन्तरिक सहमतिपछि चारै क्षेत्रका उम्मेदवार चयन गरेको जनाएको छ ।

नेपाल सद्भावना पार्टीका प्रवक्ता सत्यनारायण मण्डलले जानकारी दिँदै बाराको क्षेत्र नम्बर १ बाट भुलन सिंह, क्षेत्र नम्बर २ बाट सुरेश चौधरी, क्षेत्र नम्बर ३ बाट रामबाबु साह तेली र क्षेत्र नम्बर ४ बाट खेदु मण्डललाई उम्मेदवार बनाउने निर्णय गरिएको बताए ।

उनले नेपाल सद्भावना पार्टीले निर्वाचनलाई लक्षित गरी प्रचार–प्रसार, संगठन विस्तार र मतदाता भेटघाटका कार्यक्रमलाई तीव्र बनाउने तयारी गरेको पनि जानकारी दिए । उम्मेदवार टुंगो लागेसँगै बारामा पनि चुनावी गतिविधि थप सक्रिय हुँदै गएको देखिएको छ ।

# नेकपा एमालेको अधिकाँश उम्मेदवार टुङ्गो

**मधेशदृष्टि**
**वीरगंज ।**

नेकपा एमालेले मधेशका अधिकांश निर्वाचन क्षेत्रको उम्मेदवार टुंगो लगाएको छ । शनिबार राति अबेरसम्म बसेको पार्टी सचिवालय बैठकले उम्मेदवार चयन गरेको हो । केही निर्वाचन क्षेत्रमा उम्मेदवार तय गर्न बाँकी रहेकाले त्यसको अधिकार पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई दिइएको छ । मधेश प्रदेशका ८ जिल्लामध्ये अधिकांश निर्वाचन क्षेत्रमा उम्मेदवार चयन भइसकेका छन् ।

यसक्रममा पर्सा जिल्लाका निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रमोद जैसवाल र क्षेत्र नम्बर ४ बाट जालिम मियाँ अन्सारीलाई उम्मेदवार बनाइएको छ । भने पर्सा क्षेत्र नम्बर १ र २ का उम्मेदवार भने अध्यक्ष केपी शर्मा ओलीले टुंगो लगाउने भएका छन् । यसैगरी बारामा निर्वाचन क्षेत्र नम्बर १ देखि ४ सम्म क्रमशः अच्युत मैनाली, बलवीर चौधरी, ज्वाला शाह र किसान श्रेष्ठलाई उम्मेदवार बनाइएको छ ।

एमालेले सप्तरी निर्वाचन क्षेत्र नम्बर १ देखि ४ सम्म क्रमशः सुमन प्याकुरेल, सतिश सिंह, ताराकान्त चौधरी र बालकृष्ण चौधरी उम्मेदवार चयन भएका छन् ।

सिरहामा केदार यादव, नविनकुमार यादव, लिलानाथ श्रेष्ठ र बिल्टु यादवलाई क्रमशः क्षेत्र नम्बर १ देखि ४ सम्मका उम्मेदवार बनाइएको छ । धनुषामा क्रमशः रामचन्द्र मण्डल, उमाशंकर अग्रहरि, जुली महतो र रघुवीर महासेठ उम्मेदवार बनेका छन् । महोत्तरी क्षेत्र नम्बर १ मा लक्ष्मी महतो कोइरी, २ मा रामपरीक्षण यादव, ३ मा उम्मेदवार टुंगो लाग्न बाँकी रहेको छ भने ४ मा सरोज यादव उम्मेदवार चयन भएका छन् । यता सर्लाही जिल्ला क्षेत्र नम्बर १ र २ का उम्मेदवार बाँकी रहँदा क्षेत्र नम्बर ३ मा हरि उप्रेतीलाई टिकट दिइएको छ । रौतहटमा क्रमशः अजय गुप्ता, शैलेन्द्र साह, कुन्दन कुशवाहा र रामजी शाह एमालेको उम्मेदवार चयन भएका छन ।

# रौतहटका १५२ मतदानस्थल अतिसंवेदनशीलको सूचीमा

**रौतहट ।**

जिल्ला सुरक्षा समितिले आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि रौतहटका तोकिएको दुई सय ७७ मतदानस्थल मध्ये एक सय ५२ मतदानस्थल अतिसंवेदनशीलको सूचीमा राखेको छ ।

सुरक्षाका दृष्टिकोणले विभिन्न स्थानीय तहमा रहेका ती मतदानस्थल अतिसंवेदनशील सूचीमा राखेको जिल्ला सुरक्षा समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए । एक सय मतदानस्थल संवेदनशीलको सूचीमा रहेका र बाँकी २५ मतदानस्थल सामान्य सूचीमा रहेको प्रजिअ भुसालले जानकारी दिए ।

रौतहट क्षेत्र नं १ मा ६७, क्षेत्र नं २ मा ७२, क्षेत्र नं ३ मा ७७ र क्षेत्र नं ४ मा ६१ मतदानस्थल रहेका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा रौतहटमा पाँच सय ४१ मतदान केन्द्र कायम भएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख छोटेलाल दासले जानकारी दिए ।

विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा दुई सय ७६ मतदानस्थल कायम रहेकामा यस वर्ष एउटा स्थल थप गरिएको हो । गरुडा नगरपालिका–६ मा नयाँ मतदानस्थल थपिएको कार्यालय प्रमुख दासले जानकारी दिए । यस वर्षको निर्वाचनमा रौतहटमा २१ हजार एक सय ५६ मतदाता थपिएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका प्रमुख दासका अनुसार रौतहटमा अहिले चार लाख ३६ हजार ६११ मतदाता रहेका छन् ।

विसं २०७९ को प्रतिनिधिसभा निर्वाचनमा चार लाख १५ हजार ४५५ मतदाता थिए । दुई गाउँपालिका र १६ नगरपालिका रहेको रौतहटमा चार प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेका छन् । रासस

चिसो मौसममा कसरी सुरक्षित रहने ?

चिसो मौसमले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। विशेष गरी बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू यसबाट बढी प्रभावित हुन्छन्। निम्न १० बुँदालाई दैनिक जीवनमा अपनाएर चिसोबाट जोगिऔँ।




"चिसो मौसममा सचेत बनौँ, स्वास्थ्य सुरक्षित राखौँ।"
स्वस्थ नागरिक — समृद्ध समाज।

जनहितमा जारी सन्देश
एकडारा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश, नेपाल

सम्पादकीय

# राजीनामा दिएर मधेश झरे बालेन

अन्ततः काठमाडौँ महानगरका मेयर बालेन शाह मधेश झरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेताको हैसियतमा पदबहाली गर्दै । यो घटना प्रतीकात्मक मात्रै होइन, मधेशको राजनीतिमा नयाँ प्रयोग र पुरानै प्रवृत्तिबीचको टकरावको संकेत पनि हो।

प्रश्न स्वाभाविक छः यसले मधेशमा रास्वपाको मत साँच्चै बढ्ला कि बालेनको व्यक्तिगत 'क्रेज' र मन जित्ने प्रयासमै सीमित रहला ? मधेशको राजनीति भावनात्मक नाराभन्दा सत्ता–समीकरण, दलबदल र पहिचानको जटिल जालमा गाँसिएको छ। यहाँ चुनाव जित्ने शक्ति जनभावनाको लहरभन्दा बढी स्थानीय नेटवर्क, जातीय–सामुदायिक संरचना र निरन्तर उपस्थितिमा निर्भर गर्छ।

बालेनको काठमाडौँ–केन्द्रित छवि, शहरी व्यवस्थापनको कडा शैली र प्रतीकात्मक 'एक्सन' मधेशका ग्रामीण र अर्धशहरी यथार्थसँग कति जोडिन्छ, त्यो अझै खुल्न बाँकी छ । रास्वपाले बालेनलाई अगाडि सारेर मधेशमा नयाँ आशा जगाउन खोज्नु रणनीतिक रूपमा बुझ्न सकिन्छ। तर मधेशका मतदाता 'बाहिरबाट आएको अनुहार' भन्दा 'यहाँको दुख–सुख बुझेको नेता' खोज्छन्। दलबदलु गरेर सत्ता कब्जा गर्ने नेताहरूप्रति आक्रोश त छ, तर त्यसको विकल्प खोज्दा पनि मतदाता ठोस प्रतिबद्धता, निरन्तर संवाद र स्थानीय नेतृत्व चाहन्छन् । केवल एक–दुई भ्रमण, ठूला भाषण वा सामाजिक सञ्जालको लोकप्रियताले त्यो खाली ठाउँ भर्न सक्दैन।

राजनीतिक पकड कठोर विषय हो। मधेशमा भरोसा जित्न शिक्षा, स्वास्थ्य, रोजगारी, सिँचाइ, सीमावर्ती समस्या र पहिचानका मुद्दामा स्पष्ट नीति र दीर्घकालीन उपस्थितिको खाँचो छ। बालेनको 'घुमघाम' यदि यी सवालमा गहिरो संवाद र संगठन निर्माणतर्फ नबढे, त्यो दर्शन–पर्यटनमै सीमित हुने जोखिम रहन्छ । यसर्थ, बालेनको मधेश आगमनले रास्वपाका लागि ढोका त खोलिदिएको छ, तर त्यो ढोकाबाट भित्र पस्ने बाटो अझै लामो र कठिन छ। मत बढ्ला कि मन मात्रै ? यो निर्णय मधेशका मतदाताले होइन, रास्वपाले मधेशलाई कति समय, कति गहिराइ र कति इमानदारीका साथ बुझ्छ भन्ने कुराले गर्नेछ।

# महिला विश्वकप क्रिकेटमा नेपालको दाबेदारी



राजु सिलवाल

विश्वका क्रिकेटप्रेमी दर्शकहरुमाझ फेरि एकपटक नेपालको छवि जाज्वल्यमान हुने अवसर आएको छ। नेपाली तथा विश्वका क्रिकेट मन पराउने दर्शकहरुले नेपाल प्रिमियर लिग क्रिकेटको दोस्रो संस्करणको समाप्तिसँगै नेपालमा पहिलोपटक आयोजित महिलाहरुको विश्वकप छनौटका लागि 'टि ट्वान्टी विश्वकप ग्लोबल क्वालिफायर्स'मा विभिन्न मुलुकका खेलाडीहरुको बलिङ, ब्याटिङ, फिल्डिङ क्षमता देख्न पाउने छन् । टेलिभिजनमा प्रत्यक्ष प्रसारणमार्फत देखिने नेपालको प्राकृतिक सौन्दर्यले नेपालको पहिचान अझ बढाउने अपेक्षा गरिएको छ।

नेपालमा खेलिने खेलहरुमा क्रिकेटले मुलुकलाई छोटै अवधिमा विश्वव्यापी रुपमा पहिचान दिलाउन सफल भएको हो । नेपाली पुरुष क्रिकेट टिम अब केही सातामा तेस्रो पटक 'टि ट्वान्टी' विश्वकपमा प्रतिस्पर्धाका लागि अन्तिम तयारी गर्न श्रीलङ्का र भारततर्फ जाँदैछ । नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले पनि यसपालि पहिलोपटक काठमाडौँमा 'टि ट्वान्टी' विश्वकप प्रवेशका लागि छनोट प्रतियोगितामा दाबेदारी प्रस्तुत गर्दैछ।

महिला क्रिकेट टोली थाइल्याण्डको बैंककमा गत सन् २०२५ को मे महिनामा भएको एशियाली छनोटमार्फत शिर्ष दुईमा आफ्नो स्थान सुरक्षित गर्न सफल भएको थियो। त्यतिखेर उपविजेता बनेको नेपालले संयुक्त अरब इमिरेटस्लाई पराजित गर्दै विश्वव्यापी छनोटमा आफ्नो स्थान सुरक्षित गरेको थियो।

नेपालमा पहिलोपटक आज माघ ४ गतेदेखि माघ १८ गतेसम्म इण्टरनेशनल क्रिकेट काउन्सिल आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोटमा सहभागीहरुबीच तीव्र प्रतिस्पर्धा हुँदैछ । महिला क्रिकेटको विश्वव्यापी छनोट अर्थात् ग्लोबल क्वालिफायर्समा कूल १० वटा मुलुकको सहभागिता रहेको छ। सहभागी टिमहरुलाई दुई वटा समूहमा विभाजन गरिएअनुसार समूह 'क' मा बङ्गलादेश, आयरल्याण्ड, पप्पुआन्युगिनी, नामिबिया र अमेरिका छन् । यस्तै समूह 'ख' मा स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बाबे, नेदरल्याण्डस र नेपाल रहेका छन्।

अन्तरराष्ट्रिय क्रिकेट काउन्सिलको 'टि ट्वान्टी' क्रिकेटको विश्व वरियता क्रममा ११औँ स्थानमा रहेको स्कटल्याण्ड, १२औँ स्थानमा रहेको थाइल्याण्ड, १५औँ स्थानमा रहेको जिम्बाबे र १४औँ स्थानमा रहेको नेदरल्याण्डस्सँग २१औँ स्थानमा रहेको नेपाललाई प्रतिस्पर्धा गर्न चुनौतीपूर्ण नै हुने देखिएको छ। काठमाडौँमा आयोजित छनोट खेलका चार वटा शिर्ष टोली आगामी जुनमा इङ्गल्याण्ड र वेल्समा हुने आइसिसी महिला 'टि ट्वान्टी' विश्वकपका लागि छनोट हुनेछन्।

थाइल्याण्डका पूर्वमुख्य प्रशिक्षक हर्षलजयन्त पाठकको प्रशिक्षणमा रहेको नेपालले पहिलो दिनको उद्घाटन खेलमा थाइल्याण्डसँग खेल्दैछ । नेपाली महिला क्रिकेटरहरुले यस प्रतियोगिताका सिलसिलामा विभिन्न अनुभवी टिमसँग खेल्ने अवसर पाउनु महत्वपूर्ण मानिएको छ । क्रिकेट खेलप्रति नेपाली दर्शकहरुको अत्यधिक अभिरुचिलाई दृष्टिगत गरी उक्त प्रतियोगितामा नेपालले खेल्ने सबै खेलमा धेरै दर्शक उपस्थित हुने आँकलन गरी कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा सञ्चालन गरिने भएको छ। प्रतियोगिताका केही खेल मूलपानी क्रिकेट मैदानमा पनि हुनेछ।

अनुभवी प्रशिक्षक

नेपाल क्रिकेट सङ्घ क्यानले सन् २०२० को आइसिसी 'टि ट्वान्टी' महिला विश्वकपमा थाइल्याण्डलाई प्रवेश गराउन सफल भारतीय प्रशिक्षक हर्षलजयन्त पाठकलाई खुला प्रतिस्पर्धाका आधारमा नेपाली राष्ट्रिय महिला क्रिकेट टिमको मुख्य प्रशिक्षकका रुपमा गत महिना मात्र नियुक्त गरेको थियो । त्यतिखेर विभिन्न मुलुकका ७० जनाभन्दा बढी प्रशिक्षकले दरखास्त दिएका थिए । मुख्य प्रशिक्षक पाठकले थाइल्याण्डको पुरुष राष्ट्रिय क्रिकेट टिमको पनि मुख्य प्रशिक्षकको जिम्मेवारी निभाइसक्नुभएको छ । सन् २०२२ मा एशिया कपमा थाइल्याण्डले पाकिस्तानलाई सेमीफाइनलमा पराजित गर्दा मुख्य प्रशिक्षक रहनुभएका पाठकले भारतमा विभिन्न उमेर समूहका खेलाडीलाई प्रशिक्षण दिनुभएको थियो । भारतकी प्रख्यात महिला क्रिकेटर हरमनप्रित कौरको व्यक्तिगत ब्याटिङ प्रशिक्षकका रुपमा पनि पाठकले कार्य गर्नुभएको थियो। नेपाली महिला क्रिकेटमा पाठक पहिलो पूर्णकालीन विदेशी मुख्य प्रशिक्षक बन्नुभएको छ।

कीर्तिमानी नेतृत्व

नेपाली महिला क्रिकेट टोलीकी अलराउण्डर इन्दु वर्माको नेतृत्वमा १५ सदस्यीय नेपाली टिम विश्वकप छनोट प्रतिस्पर्धामा सहभागी हुँदैछ। सन् २०२३ मा महिला राष्ट्रिय टिममा १२ वर्ष कप्तान रहिसकेकी रुविना क्षेत्रीलाई बदलेर इन्दु वर्मालाई कप्तान बनाइएको थियो । सन् २०१९ मा टि ट्वान्टी अन्तर्राष्ट्रियमा डेब्यु गरेकी इन्दुले एक हजार रन कटाउने पहिलो नेपाली महिला क्रिकेटर बनेकिछिन्। उनी नेपाली राष्ट्रिय महिला टिममा सबैभन्दा बढी रन बनाउने ब्याटस्म्यान पनि हुन्। सन् २०१० मा सिङ्गापुरमा सम्पन्न एसिसी यु १९ क्रिकेट प्रतियोगितादेखि उनी अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी हुँदै आइरहेकी छिन् । उनको कुशल नेतृत्वमा नेपाली टिमले यसपालिको विश्वव्यापी छनोट प्रतिस्पर्धामा सशक्त उपस्थिति देखाउने अपेक्षा गरिएको छ।

नेपाल छनोट भएको खेल

आइसिसी महिला टि ट्वान्टी विश्वकपअन्तर्गतको एशिया छनोटअन्तर्गतको 'सुपर थ्री' चरणको अन्तिम खेलमा नेपाल थाइल्याण्डसँग ७८ रनले पराजित भए पनि पहिलोपटक ग्लोबल छनोट भएको थियो। सो खेलमा नेपालले ९ विकेट गुमाएर ८० रन मात्र बनाएको थियो तर नेपाल र थाइल्याण्ड दुवै आगामी प्रतियोगिताका लागि छनोट हुन पुगे । नेपाल र थाइल्याण्ड दुवै टिमले अघिल्ला खेलमा युएईलाई पराजित गरी ग्लोबल क्वालिफायर्समा आफ्नो स्थान सुरक्षित राख्न सफल भएका थिए। नेपालले युएईलाई ५ विकेटले हराएको थियो। सो खेलमा कप्तान इन्दु वर्माको अविजित ३० रनको योगदान महत्वपूर्ण रहेको थियो।

ताजा उपाधि

नेपाली महिला क्रिकेट टोलीले केही समयअघि 'टि ट्वान्टी' अन्तरराष्ट्रिय शृङ्खलामा मलेशियालाई उनीहरुकै घरेलु मैदानमा पराजित गरेर उपाधि जित्न सफल भएको थियो। क्वालालम्पुरमा भएको उक्त प्रतियोगितामा सञ्चालन गरिएको पाँच खेलमध्ये नेपालले तीन खेल जितेर उपाधि आफ्नो कब्जामा लिन सफल भएको थियो। पाँचौँ तथा अन्तिम खेलमा नेपालले मलेशियालाई पाँच विकेटले पराजित गरेर शृंखला ३–२ ले जितेको थियो।

महिला क्रिकेटको इतिहास

नेपालमा सन् २००० मै महिला क्रिकेटको सुरुआत भएको थियो। क्यानले सन् २००५ मा पहिलो महिला घरेलु क्रिकेट प्रतियोगिताको आयोजना गरेको थियो । यसअन्तर्गत स्कूल तथा क्षेत्रीय तहका प्रतियोगिता सञ्चालन गरिएको थियो । क्यानले नेपाली महिला राष्ट्रिय क्रिकेट टिमको निर्माण सन् २००७ मा गरेर अन्तरराष्ट्रिय सहभागिता प्रारम्भ गरेको थियो।

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्दै आइरहेको छ । क्यानका अनुसार महिला टोलीले सन् २००७को जुलाईमा एसिसी महिला क्रिकेट प्रतियोगिताबाट अन्तरराष्ट्रिय डेब्यु गरेर अहिले विश्व 'टि ट्वान्टी इण्टरनेशनल'को विश्व वरियता क्रममा २१औँ स्थानमा पुगिसकेको छ। नेपाली महिला टिमले सन् २०१९ को जनवरीमा चीनविरुद्ध पहिलो 'टि ट्वान्टी' खेल खेलेको थियो। नेपालको महिला टोली सन् २०१६ को महिला एशिया कपको संस्करणका लागि पनि छनोट भएको थियो । यसअघि नेपाली महिला टोलीले सन् २०१२ मै पहिलोपटक महिला 'टि ट्वान्टी' एशिया कपमा भाग लिएको थियो।

व्यक्तिगत प्रदर्शन

नेपाली महिला क्रिकेटरहरुले विभिन्न अन्तरराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेर आफ्नो व्यक्तिगत परिचयसमेत बनाउन सफल भएका छन्। नेपाली क्रिकेटर रुविना क्षेत्रीले सन् २००९ मा सम्पन्न एसिसी महिला 'टि ट्वान्टी' क्रिकेटमा सिङ्गापुरविरुद्धको खेलमा अन्तिम ओभरको पाँच बलमा पाँच विकेट लिन सफल भएकी थिइन्। रुविनाले सन् २०२४ को एसिसी महिला 'टि ट्वान्टी प्रिमियर कप'मा नेपालकोतर्फबाट माल्दिभ्ससँगको खेलमा पहिलो शतक बनाएकी थिइन्।

जुनियर महिला टोली

नेपाल महिला यु–१९ राष्ट्रिय क्रिकेट टोलीले पनि विभिन्न अन्तरराष्ट्रिय प्रतिस्पर्धामा भाग लिँदै आइरहेको छ । नेपालको जुनियर महिला टोलीले आइसिसी महिला यु–१९ विश्वकप एसियाली छनोट सन् २०२२ मा तेस्रो स्थान हासिल गरेको थियो। नेपालले सन् २०२७ मा आइसिसी यु–१९ महिला विश्वकप आयोजना गर्ने तयारी गरेको छ। आयोजना महिला क्रिकेटको विकासका लागि कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।

अन्त्यमा, महिला विश्वकपका लागि छनोट प्रतिस्पर्धा जस्तो महत्वपूर्ण प्रतियोगिता आयोजना गरेर नेपालले फेरि आफ्नो भूमि क्रिकेटका लागि उपयुक्त गन्तव्य भएको प्रमाणित गर्दैछ । यति ठूलो प्रतियोगिता आयोजना गर्ने अवसर पाउनु क्यानका लागि क्षमता प्रदर्शन गर्ने उपयुक्त अवसर पनि हो । नेपाली महिला टिमले भने यही प्रतियोगिताका सिलसिलामा आफ्नो क्षमता प्रदर्शन गर्ने उत्कृष्ट अवसर पाएका छन् । नेपालले महिला क्रिकेटमा छोटै समयमा हासिल गरेको यस उपलब्धिले आगामी दिनमा महिला क्रिकेटको प्रवद्र्धनमा महत्वपूर्ण योगदान पुग्न जाने देखिएको छ । नेपाली महिला राष्ट्रिय टिमका लागि यसपटक कठिन टिमहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने भएकाले मैदानमा चुनौती त्यति सहज हुने देखिँदैन तर नेपाली टिमले प्राप्त गरेको महत्वपूर्ण अवसर भनेको घरेलु मैदान हो। आफ्नै गृह मैदानमा उच्चस्तरीय प्रतियोगिता खेल्ने मौका पाउनु सामान्य अवस्था होइन । नेपाली महिला टिमले हालसम्म विभिन्न अन्तरराष्ट्रिय प्रतिस्पर्धामा हासिल गरेका अनुभव तथा घरेलु दर्शकहरुको अपार समर्थन तथा साथले नेपाली चेलीहरुलाई उत्कृष्ट खेल प्रदर्शनका लगि पक्कै पनि उत्साहित बनाउने कुरामा विश्वस्त हुन सकिन्छ। रासस

# मेयरबाट राजीनामा दिएर राष्ट्रिय राजनीतिमा आउँदा बालेनलाई कति सहज ?

फणीन्द्र दाहाल



आगामी प्रतिनिधिसभा निर्वाचनमार्फत राष्ट्रिय राजनीतिमा पाइला अघि बढाउने निर्णय लिएका बालेन शाहले काठमाडौँ महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएका छन् । आइतबार राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालय गएर उनले दलीय गतिविधिमा प्रत्यक्ष संलग्नता थालेका छन्। उनले काठमाडौँ महानगरकी उपप्रमुखलाई सम्बोधन गर्दै नगरप्रमुख पदबाट राजीनामा दिएको बालेका एक जना सहयोगी सुदर्शन बजगाईंले बीबीसीलाई बताए। विक्रम संवत् २०७९ सालमा भएको स्थानीय तह निर्वाचनमा उनी स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौँ महानगरको मेयरमा निर्वाचित भएका थिए । भदौमा भएको जेन्जी आन्दोलनपछि प्रतिनिधिसभा विघटन गरेर फाल्गुन २१ गतेका लागि आम निर्वाचन घोषणा गरिएको छ।

पूर्व गृहमन्त्री रवि लामिछाने सभापति रहेको उक्त दलले बालेन शाहलाई भावी प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिरहेको छ । बालेन शाहले काठमाडौँ महानगरकी उपप्रमुख सुनिता ढङ्गोललाई सम्बोधन गर्दै एउटा पत्रमार्फत स्वेच्छाले राजीनामा दिएको उल्लेख गरेका छन् । राजीनामा पत्रमा भनिएको छ, 'प्रस्तुत विषयमा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन २०७४ ऐन तथा काठमाडौँ महानगरपालिकाको प्रचलित कानुनी व्यवस्था बमोजिम, म काठमाडौँ महानगरपालिकाको नगर प्रमुख पदबाट मिति २०८२।१०।०४ गते देखि लागू हुने गरी स्वेच्छाले राजीनामा पेस गर्दछु।'

उनले भनेका छन्, 'यस पदमा रहँदा काठमाडौँ महानगरपालिका र नगरवासीको हितमा सकेसम्म इमानदारीपूर्वक कार्य गर्ने प्रयास गरेको छु । अबको दिनमा महानगरपालिकाको नेतृत्व, सेवा प्रवाह र विकास–यात्रा थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनोस् भन्ने कामना गर्दै, तपाईँ तथा नगर कार्यपालिकालाई सफलताको शुभेच्छा व्यक्त गर्दछु।'

**मेयरका रूपमा बालेनको कार्यकाल**

खास गरी मूलधारका दलहरूको शासन शैली, भ्रष्टाचार नियन्त्रण र सुशासनलाई मुख्य मुद्दाहरू बनाएर लौरो चिन्हमार्फत बालेन शाह काठमाडौँको राजनीतिमा उदाएका थिए।

पेसाले स्ट्रक्चरल इन्जिनियर र सोखले ¥यापर रहेका उनले सामाजिक सञ्जाललाई आफ्नो पक्षमा माहोल बनाउने प्रमुख औजारका रुपमा प्रयोग गरेका थिए।

विसं२०७९ सालको स्थानीय तह निर्वाचनमा काठमाडौँ महानगरमा एक लाख ९१ हजार जनाले मतदान गरेका थिए । त्यसमध्ये बालेनले सबैभन्दा बढी ६१,७६७ मत पाएका थिए।

विसं २०७९ ज्येष्ठ १६ गते पदभार ग्रहण गरेका उनले मेयरका रूपमा आफ्नो कार्यकाल सकिन झन्डै डेढ वर्ष बाँकी हुँदा राजीनामा दिएका हुन्।

पदभार ग्रहण गरे लगत्तै नेपाली सेनाको मुख्यालय जङ्गी अड्डा पुगेर तत्कालीन प्रधानसेनापति प्रभूराम शर्मालाई उनले भेटेपछि धेरैलाई सो कदमले आश्चर्यमा पारेको थियो।

दौरा सुरुवाल र भादगाउँले टोपी लगाएर नेवारीमा शपथ लिएर कार्यकाल आरम्भ गरेका उनले महानगरको कार्यपालिकाको बैठकको प्रत्यक्ष प्रसारण गर्ने देखि लिएर सार्वजनिक शौचालयको व्यवस्थापन, विभिन्न विद्यालयमा छात्रवृत्ति दिलाउने र स्वास्थ्य संस्थाहरूमा गरिबहरूको निःशुल्क उपचारको लागि पैरवी गरेका थिए।

सम्पदा संरक्षणमा उनले अघि बढाएका कतिपय कामहरूको प्रशंसा हुने गरे पनि खास गरी सडक पेटीमा व्यवसाय सञ्चालन गर्नेहरूमाथि नगर प्रहरीबाट भएको भनिएको दमन र कवाड व्यवसायीमाथि महानगरपालिकाले अख्तियार गरेको नीतिको आलोचना हुने गरेको पाइन्छ।

एक जना राजनीतिक विश्लेषक राजेन्द्र महर्जन 'शक्तिशाली मेयर' का रूपमा निर्वाचित भए पनि बालेनले महानगरलाई नेतृत्व दिँदा कतिपय पुरानै नेताहरूको सिको गरेको बताए।

उनले भने, 'मतदाताहरूप्रति जबाफदेही हुनुपर्ने, संवाद गर्नुपर्ने र सहमतिमा नीति निर्णय गर्नुपर्ने र उनीहरूकै सहभागीमा कार्यान्वयन गर्नुपर्नेमा एकपक्षीय ढङ्गले निर्णयहरू गरिएका र त्यो पनि माथिबाट लाद्ने काम भएको देखियो।'

कतिपय क्षेत्रमा बालेनको नेतृत्वमा सकारात्मक काम भएको उल्लेख गर्दै उनले थपे, 'विशेष गरी युवाहरूलाई रोजगारी दिनेमा सकारात्मक देखिन्छ । विद्यालयहरूमा जुन ढङ्गले सुधार गर्न खोजे त्यो सकारात्मक देखिन्छ। र केही हदसम्म स्वास्थ्य क्षेत्रमा पनि काम गर्न खोजेको देखिन्छ।'

'तर जब सडकको कुरा आउन थाल्छ, जब सुकुम्वासीको कुरा आउन थाल्छ, जब सडकको वरपर व्यवसाय गर्नेहरूको कुरा आउँछ त्यसबेला आम मानिसहरूप्रति उनी जिम्मेवार रहेको देखिदैँन फेरी पनि कुलिन वर्गको जस्तो सोचाई देखिन्छ । सहरिया त्यसमा कुलिन वर्गलाई प्रवद्र्धन गर्ने विचारधारा बोक्न खोजेको देखिन्छ।'

न्यूयोर्कमा मुख्यालय रहेको मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले पनि सन् २०२२ मा बालेनले सहरका भूमिहीन, मागेर गुजारा गर्ने व्यक्तिहरू र सडक नजिकै व्यवसाय गर्ने व्यक्तिहरूप्रति अँगालेको नीतिको आलोचना गरेको थियो। सन् २०२३ मा विश्व प्रसिद्ध अमेरिकी पत्रिका टाइमले बालेनलाई एक सय उदीयमान व्यक्ति 'टाइम १०० नेक्स्ट' को सूचीमा राखेको थियो।

राजनीतिशास्त्रकी एक जना प्राध्यापक मिना वैद्य मल्ल विगतका मेयरहरूसँग तुलना गर्दा बालेनले काठमाडौँमा प्रभाव देखिने गरी काम गरेको ठान्छिन्।

उनले भनिन्, 'राम्रो पक्ष भनेको कानुन कार्यान्वयनमा कडाइ देखियो जुन सुशासनका लागि आवश्यक हो। स्वतन्त्र, सुधारमुखी र कहिलेकाहीँ विवादमा पनि पर्ने व्यक्तिका रूपमा म उहाँलाई लिन्छु।' उनले थपिन्, 'स्वतन्त्र र वैकल्पिक राजनीतिबाट उहाँ प्रवेश गर्नुभयो । परम्परागत दलभन्दा बाहिर आएर उहाँले जित्नुभएको हो। त्यो एउटा नयाँ राजनीतिक संस्कारको सुरुआत थियो। उहाँ आएपछि युवाहरूमा राजनीतिक चेतना र आकर्षण पनि बढायो । कतिपय कामहरू हेर्दा परिवर्तनको पक्षमा उभिएको भन्दा फरक पर्दैन।'

बैठकहरूको प्रत्यक्ष प्रसारण गर्ने कदमले पारदर्शिता बढाएको ठान्ने प्राध्यापक मल्ल फोहोर व्यवस्थापनदेखि विद्यालय सुधार र सार्वजनिक शौचालयको व्यवस्थापन जस्ता मामिलामा प्रयासहरू गरेको ठान्छिन्।

**पटकपटक विवादमा बालेन**

सामाजिक सञ्जालमा राखेका आफ्ना कैयौँ पोस्टहरूका कारण पटकपटक विवादमा तानिएका बालेनको कतिपय अवस्थामा सरकारको नेतृत्वसँग चिसो सम्बन्ध रहेको थियो । खास गरी फेसबुकमा राखिएको पोस्टमा सिंहदरबारलाई जलाइदिने अभिव्यक्ति बालेन शाहले दिएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली आक्रोशित भएका विवरण आएका थिए।

त्यसबेला बालेनलाई पक्राउ गर्ने प्रस्तावबारे शीर्ष नेताहरूको बैठकमा छलफल भएको तर त्यस्तो गर्न नहुने धारणा नेपाली कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवाले राखेका जनमत पार्टीका नेता सिके राउतले कान्तिपुर टेलिभिजनलाई दिएको एउटा अन्तरवार्तामा बताएका थिए।

आफूले नरुचाएका महानगरका प्रमुख प्रशासकीय अधिकृतलाई केपी ओली नेतृत्वको सरकारले निरन्तरता दिएपछि बालेन असन्तुष्ट बनेका थिए। त्यसका कारण महिनौँ काठमाडौँ महानगरपालिकाको कार्यपालिकाको बैठक समेत बस्न सकेको थिएन।

ओली नेतृत्वको सरकारले सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि जेन्जी युवाहरूले यसै वर्षको भदौमा सार्वजनिक निकायहरूमा हुने गरेका राजनीतिक नियुक्ति, नातावाद र भ्रष्टाचार अन्त्यको माग गर्दै गरेको आन्दोलनमा उनले ऐक्यबद्धता जनाएका थिए।

प्रदर्शनको पहिलो दिन कम्तीमा १९ जना युवाहरू प्रहरीले चलाएको गोलीबाट मारिएपछि भदौ २४ गते परिस्थिति नियन्त्रण बाहिर गएको थियो। त्यसबेला प्रधानमन्त्री ओली राजीनामा दिन बाध्य भएका थिए भने उनलाई सेनाको हेलिकोप्टरमा उद्धार गरेर सुरक्षित स्थानमा पुऱ्याइएको थियो।

आन्दोलनपछि नवयुवाहरूलाई नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलसँग वार्ता गर्न बालेनले नै सार्वजनिक रूपमा सुझाव दिएका थिए।

आन्दोलनलाई उक्साएको आरोप आलोचकहरूले बालेनमाथि लगाउने गरेको पाइन्छ । त्यसबाहेक त्यसक्रममा भएको आगजनी नियन्त्रण गर्न बेलैमा दमकलहरू परिचालन नगरेको लगायतका प्रश्नहरू समेत उनीमाथि उठाउने गरिएको छ।

जेन्जी आन्दोलनपछि केन्द्रको राजनीतिमा जोडिने आकाङ्क्षा व्यक्त गरेका बालेनले गएको महिना राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध हुने गरी सात बुँदे सहमति गरेका थिए।

त्यसबेला प्रतिनिधिसभाको निर्वाचनपछि संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार बालेन शाह हुने र रास्वपाको केन्द्रीय सभापति रवि लामिछाने रहने गरी दुई पक्षबीच सम्झौता भएको थियो।

**राष्ट्रिय राजनीतिमा बालेनका चुनौती के ?**

बालेनले सोमबार जनकपुरको तिरहुतियागाछीमा आयोजना हुने रास्वपाको एउटा सभामा सहभागिता जनाउने कार्यक्रम रहेको छ।

उनले पूर्वप्रधानमन्त्री ओलीको झापास्थित निर्वाचन क्षेत्रबाट आगामी प्रतिनिधिसभा निर्वाचनमा भाग लिने विवरणहरू आए पनि त्यसबारे औपचारिक निर्णय भइसकेको छैन। राष्ट्रिय राजनीतिमा प्रवेश गर्दै गर्दा बालेनलाई आफ्ना कतिपय कमजोरीहरू सुधार्न विज्ञहरू सुझाव दिन्छन्।

प्राध्यापक मल्लले भनिन्, 'उहाँले काठमाडौँमात्रै नभई नेपालमा नै म केही परिवर्तन गर्न सक्छु भन्ने अठोट लिएको जस्तो लाग्छ । राष्ट्रिय राजनीतिमा आउने उहाँको व्यक्तिगत रोजाइ हो । उहाँले अब जनप्रतिनिधिहरूसँगको समन्वयमा ध्यान दिनुपर्छ । कानुनी प्रक्रियाहरूलाई बेवास्ता नगरीकन दरिलो गरी निर्णयहरू लिनुपर्छ।'

तर कतिपय विश्लेषकहरूले बालेनले रास्वपाका आबद्ध हुने सम्झौता गर्दा आफ्ना वैचारिक अडानहरूबारे कुनै दृष्टिकोण नराखेका ठान्ने गरेको पाइन्छ। यस्ता विज्ञहरू संविधानले अँगालेका आधारभूत विशेषताहरू जस्तै सङ्घीयता, गणतन्त्र र धर्म निरपेक्षता जस्ता सवालमा बालेन हालसम्म मौन बस्नुलाई अर्थपूर्ण ठान्छन्।

राजनीतिक विश्लेषक महर्जन अहिले संसारभर 'लोकरिझ्याइँ' को राजनीति हाबी भइरहेको भन्दै त्यसका कारण पनि बालेनप्रति मानिसहरूमा आकर्षण देखा पर्नसक्ने ठान्छन्।

उनले भने, 'पुराना खालका नेताहरू या पुराना खालका संरचनाहरूविरुद्ध मानिसहरूको आक्रोश देखिन्छ। भ्रष्ट भएको र सेवा प्रवाह गर्न नसकेकोमा आक्रोश देखिन्छ। त्यसको बदलामा सामान्य कुराहरू मात्रै गरे पनि त्यसको फोटो र भिडीओहरू राखेर प्रचार गर्ने व्यक्तिहरूको लोकप्रियता काफी बढी छ।'

उनी बालेनले आफूले गरेका सीमित कामहरूको प्रचारप्रसार गर्न सकेको र त्यसबाट लाभ पाइरहेको ठान्छन्। महर्जनले भने, 'आम मानिसहरूले फेरी पनि मुक्तिदाता खोज्छन् र दयालु किसिमको तानासाह खोज्छन् जुन अहिलेको खतरनाक प्रवृत्ति हो । ध्यान खिच्ने संरचना र सामाजिक सञ्जालमा उनको प्रभुत्व पनि छ । मेरो विचारमा केही समय यस्तै व्यक्तिहरूको प्रभाव र प्रभुत्व बढ्न सक्छ।' बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# ऊर्जा विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्णः उपराष्ट्रपति



**काठमाडौँ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपालको ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)को २६ औँ वार्षिकोत्सवका अवसरमा आइतबार आयोजित कार्यक्रममा उनले विगत दुई दशकभन्दा बढी समयदेखि इप्पानमार्फत देशको ऊर्जा क्षेत्रलाई सबल बनाउँदै आत्मनिर्भरता हासिल गर्न पु¥याएको योगदान प्रशंसायोग्य रहेको बताए । यसले राष्ट्रिय विकास र आर्थिक समृद्धिमा पनि टेवा पुगेको उनको भनाइ थियो।

उपराष्ट्रपति यादवले नेपाल जलविद्युत् तथा नवीकरणीय ऊर्जामा धनी राष्ट्र भएकाले यस्तो अमूल्य स्रोतको सदुपयोग गरी ऊर्जा आयातमा परनिर्भरता घटाउनुपर्नेमा जोड दिए । पर्याप्त ऊर्जाविना मुलुकको विकास सम्भव नहुने भन्दै उनले सस्तो र पर्याप्त ऊर्जा उपलब्ध भएमा उद्योग, कृषि, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा तीव्र विकास भई रोजगारी सिर्जना र आर्थिक समृद्धि सुनिश्चित हुने उल्लेख गरे।

उपराष्ट्रपति यादवले नवीकरणीय ऊर्जाको विस्तारले कार्बन उत्सर्जन घटाई वातावरणीय सन्तुलन कायम गर्न र जलवायु परिवर्तनका चुनौती सामना गर्न मद्दत पुग्ने बताए । नेपालले नवीकरणीय ऊर्जामा लगानी बढाएर भारत, बङ्गलादेशलगायत छिमेकी मुलुकमा विद्युत् निर्यात गर्दै क्षेत्रीय ऊर्जा व्यापारमा अग्रणी भूमिका खेल्नसक्ने सम्भावना रहेको उनको भनाइ थियो।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री अनिलकुमार सिन्हाले निजी क्षेत्रको सक्रियताले नेपाललाई 'लोडसेडिङ'मुक्त बनाउँदै विद्युत् निर्यात गर्ने अवस्थामा पु¥याएको बताए । उनले हाल नेपालको कुल विद्युत् उत्पादन करिब चार हजार मेगावाट पुगेको र यसमध्ये तीन हजार ३०० मेगावाटभन्दा बढी निजी क्षेत्रको योगदानबाट सम्भव भएको उल्लेख गरे।

मन्त्री सिन्हाले पाँचदेखि १० मेगावाटका साना आयोजनाबाट सुरु भएको निजी क्षेत्रको यात्रा हाल एक सय मेगावाटभन्दा ठूला आयोजनासम्म लगानी गर्ने अवस्थामा पुगेको भन्दै खुसी व्यक्त गरे । कार्यक्रममा इप्पानका अध्यक्ष गणेश कार्कीले हाल देशभर ९०० भन्दा बढी जलविद्युत् आयोजनाले अनुमति लिएर काम अघि बढाइसकिएको जानकारी दिए । कार्यक्रममा विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो । रासस

# बालेनले दिए राजीनामा



**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) ले पदबाट राजीनामा दिएका छन् । उनले आइतबार महानगरपालिकाकी उप–प्रमुख सुनिता डंगोलसमक्ष आफ्नो राजीनामा पत्र बुझाएका हुन् । उपप्रमुखको कार्यालयमा दर्ता भएको उक्त राजीनामा पत्रमा शाहले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा काठमाडौँ महानगरपालिकाको प्रचलित कानुनी व्यवस्था बमोजिम स्वेच्छाले राजीनामा दिएको उल्लेख गरेका छन्।

मेयर बालेनले बुझाएको राजीनामा पत्रमा आफ्नो कार्यकालको छोटो समीक्षा गर्दै आगामी नेतृत्वका लागि शुभकामना व्यक्त गरिएको छ । पत्रमा भनिएको छ, 'यस पदमा रहँदा काठमाडौँ महानगरपालिका र नगरवासीको हितमा सकेसम्म इमानदारीपूर्वक कार्य गर्ने प्रयास गरेको छु । अबको दिनमा महानगरपालिकाको नेतृत्व, सेवा प्रवाह र विकास–यात्रा थप प्रभावकारी, पारदर्शी र परिणाममुखी बनोस् भन्ने कामना गर्दै, तपाईँ तथा नगर कार्यपालिकालाई सफलताको शुभेच्छा व्यक्त गर्दछु।'

# नागरिक केन्द्रित सेवा प्रवाह गर्न निर्देशन

**काठमाडौँ।**
गृहसचिव राजकुमार श्रेष्ठले नागरिक केन्द्रित प्रहरी सेवा प्रवाह गरी जनमानसमा रहेको विश्वासलाई अभिवृद्धि गर्न नेपाल प्रहरीलाई निर्देशन दिएका छन् । प्रहरी प्रधान कार्यालय नक्सालको आईतबार निरीक्षणपश्चात् आयोजित कार्यक्रममा उहाँले आसन्न निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन आवश्यक समन्वय र सहकार्यका साथ कार्यसम्पादन गर्न निर्देशन दिए।

गृहसचिव श्रेष्ठले स्रोतसाधनको सीमितता र चुनौतीका बाबजुद अपराधको नियन्त्रण तथा अनुसन्धानका क्षेत्रमा, समाजमा शान्तिसुरक्षा र अमनचयन कायम गराउन तथा कानुन कार्यान्वयनमा निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रचलित ऐन, कानुनको कार्यान्वयन, नागरिकको जीउधन र संवैधानिक हकअधिकारको संरक्षणमा प्रहरी सङ्गठन कटिबद्ध रहेको बताए । रासस

# एकल विन्दु सेवा केन्द्रको तयारी गर्दै लगानी बोर्ड




**काठमाडौँ।**
राष्ट्रिय तथा अन्तरराष्ट्रिय लगानीकर्तालाई छिटो, सहज र समन्वयात्मक सेवा उपलब्ध गराउने उद्देश्यसहित लगानी बोर्डको कार्यालयले एकल विन्दु सेवा केन्द्र सञ्चालनका लागि गृहकार्य अघि बढाएको छ । बोर्डले छरितो सेवा प्रवाहमार्फत लगानीको वातावरण थप सुधार गर्ने र लगानी आकर्षणलाई गति दिने लक्ष्यका साथ यो संरचना निर्माणको तयारी थालेको हो।

यस प्रयोजनका लागि बोर्डले सहसचिव हेमराज तामाङलाई एकल विन्दु सेवा केन्द्रको संयोजन गर्ने जिम्मेवारी तोकेको छ भने सेवा प्रवाहलाई प्रभावकारी बनाउन १४ वटा सरकारी निकायले अख्तियारीसहित 'फोकल पर्सन' (सम्पर्कव्यक्ति) नियुक्त गरेका छन्।

फोकल पर्सन तोक्ने निकायमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, अध्यागमन विभाग, आन्तरिक राजस्व विभाग, उद्योग विभाग, खानी तथा भूगर्भ विभाग, भन्सार विभाग, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, विद्युत् विकास विभाग, कम्पनी रजिस्ट्रारको कार्यालय र नेपाल दूरसञ्चार प्राधिकरण रहेका छन् । बोर्डले आवश्यक देखेमा अन्य निकायले पनि थप फोकल पर्सन तोक्नसक्ने जनाएको छ।

बोर्डको कार्यालयले सम्बन्धित मन्त्रालय, विभाग तथा निकायसँग समन्वय गरी एकल विन्दु सेवा केन्द्र सञ्चालनका लागि आवश्यक कार्यविधिको मस्यौदा तयार पारिसकेको बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले जानकारी दिए । उनका अनुसार तत्कालका लागि बोर्डले तोकिएका फोकल पर्सनसँग प्रत्यक्ष समन्वय गर्दै सेवा प्रवाहलाई व्यवस्थित बनाउने योजना बनाएको छ।

कार्यकारी अधिकृत ज्ञवालीले जेनजी आन्दोलनका क्रममा बोर्डको कार्यालयमा आगजनी भएकाले नयाँ कार्यालय व्यवस्थापन र कार्यविधिले अन्तिम रूप पाएपछि मात्र एकैस्थानबाट सेवा प्रवाह सुरु हुने जानकारी दिए । उनले 'अटोमेसन' (मानवीय हस्तक्षेपबिना उपकरण, कम्प्युटर वा सफ्टवेयरको सहायताले कुनै कार्य वा प्रक्रियालाई स्वचालित रूपमा सञ्चालन गर्ने प्रविधि) प्रणालीमार्फत काम गरिने भएकाले प्रविधिको प्रयोग महत्वपूर्ण हुने बताए।

फोकल पर्सनहरूसँगको छलफलमा ज्ञवालीले लगानीसम्बन्धी राष्ट्रिय लक्ष्य हासिल गर्न र सुशासन कायम गर्न सबै निकायले अपनत्वसहित काम गर्नुपर्नेमा जोड दिए । 'लगानी बोर्डले सबैसँग समन्वय गरेर काम गर्छ । यसमा सबै निकायको साथ र सहयोग अपेक्षित छ' उनले बताए । अहिले विभिन्न निकाय धाउनुपर्ने अवस्थाका कारण लगानीकर्ताले झन्झट बेहोर्नुपरेको भन्दै एकल विन्दु सेवा केन्द्र प्रभावकारी रूपमा कार्यान्वयन भएमा लगानीसम्बन्धी कामकारबाही चुस्त हुने उनले विश्वास व्यक्त गरे।

हाललाई तोकिएका फोकल पर्सन सम्बन्धित मन्त्रालय तथा निकायका 'सिङ्गल प्वाइन्ट अफ कन्ट्याक्ट' हुनेछन् । उनीहरूले लगानी बोर्डबाट सिफारिस भएका आफ्ना निकायसँग सम्बन्धित फाइल तथा प्रक्रियालाई सहज बनाउन सहजीकरण गर्नेछन्का र्यकारी अधिकृत ज्ञवालीले बताए । लगानी बोर्डका सहसचिव हेमराज तामाङका अनुसार फोकल पर्सनले सार्वजनिक–निजी साझेदारी ऐन २०७५, सार्वजनिक तथा लगानी नियमावली २०७७ तथा लगानी बोर्डको रणनीति र व्यावसायिक योजनाअनुसार सेवा प्रवाहमा सहयोग पु¥याउनेछन् । साथै उहाँहरूले बोर्डबाट प्राप्त फाइल तथा पत्रको समयमै राय–प्रतिक्रिया दिने, सम्बन्धित निकाय र बोर्डबीच समन्वयकारी पुलको भूमिका निर्वाह गर्ने तथा संस्थागत समन्वयकर्ताका रूपमा काम गर्ने जिम्मेवारी पनि निर्वाह गर्नेछन् । रासस

# मानव–बाघ अन्तरसम्बन्ध व्यवस्थापनका लागि अनुदान सहायता



**काठमाडौँ।**
सरकारले मानव–बाघ अन्तरसम्बन्ध व्यवस्थापन परियोजनाका लागि प्राप्त हुने अमेरिकी डलर ३६ लाख २१ हजार ९८३ बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेपाल सरकारका प्रवक्ता जगदीश खरेलले मन्त्रिपरिषद् बैठकले यही माघ २ गते गरेका निर्णय आईतबार सार्वजनिक गर्दै विश्व वातावरण सुविधाबाट विश्व वन्यजन्तु कोषमार्फत प्राप्त हुने उक्त रकम स्वीकार्ने निर्णय गरिएको जानकारी गराए।

यसैगरी मन्त्रिपरिषद् बैठकले स्वच्छ वायु तथा समृद्धि परियोजनाका लागि सहुलियतपूर्ण ऋण तथा अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा विश्व बैङ्कसँग वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको छ।

सरकारले नेपाल इन्जिनियरिङ सेवा, जियोलोजी समूह, हाइड्रो जियोलोजी उपसमूह, राजपत्रांकित प्रथम श्रेणीका अधिकृत देवकुमार स्याङ्ङ्कोलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय वा अन्तर्गत पदस्थापना गर्ने निर्णय गरेको मन्त्री खरेलले बताए । यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत जलस्रोत तथा सिँचाइ विभागमा कार्यरत सुपरिन्टेन्डिङ इन्जिनियर सुशीलचन्द्र देवकोटाले पेस गरेको राजीनामा स्वीकृत गर्ने निर्णय गरिएको छ।

बैठकले बूढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने निर्णय गर्नुका साथै उच्च अदालतका पूर्वन्यायाधीश विनोदप्रसाद शर्माको संयोजकत्वमा सहकारीमा भएको बेथितिसम्बन्धी जाँचबुझ आयोग, २०८२ गठन गर्ने निर्णय गरेको मन्त्री खरेलले जानकारी दिए।

सरकारले नेपाली सेनाका एक जना सहायक रथीको सरुवा गर्ने र एक जना महासेनानीको सहायक रथीमा बढुवा गर्ने निर्णय गरेको गरेको छ । साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को उपाध्यक्ष पदमा मोहम्मद सफिउल्लाहलाई मनोनयन गर्ने निर्णयसमेत गरिएको छ।

आगामी फागुन १२ मा जापानको टोकियोमा आयोजना हुने नेपाल–जापान रोजगार सम्मेलनको दोस्रो संस्करणमा सहभागी हुन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव डा. दीपक काफ्लेलाई स्वीकृति प्रदान गर्ने बैठकले निर्णय गरेको छ।

आगमी फागुन ४ देखि ७ गतेसम्म भूटानको थिम्पुमा सञ्चालन हुने दोस्रो पर्वतीय सम्बन्ध अन्तरक्षेत्रीय कार्यशालामा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरिएको मन्त्री खरेलले जानकारी दिए।

यसैगरी आगामी फागुन १२ देखि १५ गतेसम्म थाइल्यान्डमा आयोजना हुने दिगो विकासका लागि १३ औँ एसिया प्यासिफिक मञ्चमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरिएको छ । रासस

# निर्वाचनमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्णः मन्त्री खरेल

**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई सफल बनाउन राष्ट्रिय समाचार समितिलगतयका सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको बताएका छन् । राससमा अस्थायी, करार र दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई आइतबार सामाजिक सुरक्षा कोषमा आबद्धतासम्बन्धी परिचयतपत्र वितरण गर्दै सञ्चामन्त्री खरेलले जिम्मेवार, जवाफदेही व्यावसायिक सञ्चार माध्यमका रुपमा राससले निर्वाह गरेको भूमिका प्रसंशनीय रहेको बताए।

फागुन २१ मा निर्वाचन हुँ◌ँदैछ, निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउनुपर्नेछ । मतदाता, राजनीतिक दल, सरोकारवालामा सचेतना पु¥याउनुपर्ने अवस्थामा सञ्चारमाध्यमको गहन जिम्मेवारी छ मन्त्री खरेलले भने, 'निर्वाचनलाई सफल बनाउन विगतमा पनि राससले असाध्यै महत्वपूर्ण भूमिका खेल्यो, अहिले पनि सोहीअनुसारको भूमिका निर्वाह गर्ने विश्वास लिएको छु'।

पछिल्लो समय राससले आफूलाई निखार्दै अघि बढिरहेको उल्लेख गर्दै आगामी दिनमा पनि सोहीअनुसार सेवा प्रवाहलाई अझ प्रतिस्पर्धी र गुणस्तरीय बनाउन सुझाव दिए । फरक प्रसङ्गमा मन्त्री खरेलले समयको सीमितताका बीचमा पनि अन्तरिम सरकारले दीर्घकालीन महत्वका काम गरेको बताए।

उनले देश बचाउन र बनाउन आआफ्नो क्षेत्रबाट इमानदारिताका साथ लाग्न सम्पूर्ण तह र तप्कालाई आह्वान गरे । राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले नेपाल पत्रकार महासङ्घको नेतृत्वमा रहँदा आफूले श्रमजीवी पत्रकारको हकहितका मुद्दा उठाउँदै आएको स्मरण गर्दै राससमा कार्यरत ज्यालादारी तथा करार सेवामा आवद्ध जनशक्तिलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन सकेकामा खुसी मिलेको बताए । 'त्यो बेलाको अभियान अहिले पूरा गर्न सकेको छु', उनले भने।

सामाजिक सुरक्षासम्बन्धी कार्यविधिलाई थप फराकिलो बनाउन कोषलाई सुझाव दिँदै उनले राससमा कार्यरत सम्पूर्ण श्रमिजीवी पत्रकारलाई कोषमा आबद्ध गराउने बाटो खोलिदिन सम्बद्ध पक्षको ध्यानाकर्षण गराए । राससमा कार्यरत अन्य श्रमजीवीलाई कोषमा समेट्न व्यवस्थापन सकारात्मक रहेको उनको भनाई थियो।

सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले सामाजिक सुरक्षा योजनामा सहभागिता हुनु बचत मात्रै नभएर योगदानकर्ताको जीवनको सुरक्षा भएको बताए । कोषले योगदानकर्ताका लागि विभिन्न सुविधा कार्यान्वयनमा ल्याएको जानकारी दिँदै योगदानकर्ता र परिवारको सुरक्षाको जिम्मेवारी कोषले लिने उनको भनाइ छ।

राससका महाप्रबन्धक सन्दीप राईले राससमा आवद्ध अस्थायी, करार र ज्यालादारी जनशक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउनुलाई ऐतिहासिक उपलब्धिका रुपमा लिएको बताए । समग्र रासससकर्मीको आर्थिक तथा व्यक्तिगत भविश्य सुनिश्चित गरी कार्यसम्पादनमैत्री वातावरण सिर्जना गर्नेक्रममा सामाजिक सुरक्षा शुभारम्भ गरिएको स्पष्ट गर्दै उनले यसमा सहयोग गर्नुहुने सञ्चार मन्त्रालय र कोषलाई धन्यवाद दिए।

लाभग्राही योगदानकर्ताका तर्फबाट रासससका कार्यालय सहयोगी खिलाप्रसाद दाहालले सामाजिक सुरक्षा कोषमा आबद्ध भएसँगै आफूहरुको भविश्य सुरक्षित बनेको बताए । सामाजिक सुरक्षा कोषमा आबद्धतासँगै सम्पूर्ण अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई प्रोत्साहन मिलेको उल्लेख गर्दै उनले यस प्रक्रियामा संलग्न सञ्चार मन्त्रालय, कोष र रासस व्यवस्थापनलाई धन्यवाद दिए । रासस

# स्वास्थ्य बीमा बोर्डका का. निर्देशकले दिए राजीनामा



**काठमाडौँ।**
स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक डा रघुराज काफ्लेले आफ्नो पदबाट राजीनामा दिएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कार्यकारी निर्देशक डा. काफ्लले राजीनामा बुझाएको जानकारी दिए । उनको राजीनामाबारे छलफल गरिरहेको प्रवक्ता डा. बुढाथोकीले बताए।

स्वास्थ्य बीमाबाट दाबी भुक्तानीको दायित्व बढ्दै गएपनि सरकारले आवश्यक रकम उपलब्ध गराउन नसक्दा अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम स्थगित गर्न थालेका छ न् । यस कारण डा. काफ्ले नैतिक संकटमा परेका थिए । स्वास्थ्य बीमा बोर्ड हाल आर्थिक संकटको अवस्थामा पुगेको छ भने ठूला सरकारी अस्पतालहरूले सूचना निकालेर स्वास्थ्य बीमा कार्यक्रम बन्द गर्ने निर्णय गर्न थालेका छन्।

स्वास्थ्य बीमा बोर्डले सेवा प्रदायक संस्थालाई ११ अर्ब रुपैयाँभन्दा बढी भुक्तानी दिन बाँकी रहेको छ । देशभर लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रम संकटमा परेसँगै प्रत्यक्ष मार सेवाग्राहीहरूले भोग्न थालेका छन् । समयमा भुक्तानी नहुँदा ठूला सरकारी अस्पतालहरूले क्रमशः बीमा सेवा बन्द गर्ने अवस्थामा पुगेका छन्।

आवयक निर्णयका लागि राजीनामाको व्यहोरा मन्त्रीपरिषद्मा पेश गर्छौं उनले बताए । डा. काफ्ले गत फागुनमा बोर्डका कार्यकारी निर्देशकमा नियुक्त भएका थिए । रासस

# राष्ट्रिय सभाका तीन सदस्यद्वारा पदत्याग

**काठमाडौँ।**
राष्ट्रियसभाका तीन सदस्यले राजीनामा दिएका छन् । नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का नेताहरु वामदेव गौतम र नारायणकाजी श्रेष्ठ तथा नेकपा (एमाले) की भगवती न्यौपानेले राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालसमक्ष राजीनामा पेस गरेको संसद्का प्रवक्ता एकराम गिरिले बताए।

नेकपा नेता गौतम बर्दिया–१, श्रेष्ठ सर्लाही–३ र न्यौपानेले तनहुँ–१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बन्न पदत्याग गरेका हुन् । उनीहरुको कार्यकाल आगामी फागुन २० गतेसम्म थियो । रासस

# खत्वेको लोभलाग्दो कृषि कर्म

**सुनसरी।**
नेपाल प्रहरीमा १६ वर्ष सेवा गरी हवल्दार पदबाट अवकाश पाएपछि बराहक्षेत्र नगरपालिका–११ मधुवनका महेन्द्र खत्वे विदेश जाने सोच त्यागेर स्वदेशमै कृषि व्यवसायमा लागेका छन् । विसं २०७५ मा स्थापना गरेको 'खत्वे कृषि फार्म' हाल उनी र उनको परिवारको मुख्य जीविकोपार्जनको आधार बनेको छ । प्रहरी सेवाका क्रममा छ महिना शान्ति सेनामा समेत सेवा गरेका खत्वेले अवकाशपछि नेपालमै केही गर्ने सोचका साथ कृषि फार्म दर्ता गरी व्यवसाय सुरु गरेको बताए।



फार्म सञ्चालनसँगै उनले स्कारपियो गाडी खरिद गरी करिब पाँच वर्ष आफैँ चलाउँदै यातायात व्यवसायसमेत गरेका थिए । पछि उक्त गाडी बिक्री गरेपनि कृषि फार्म सञ्चालन भने निरन्तर रूपमा अघि उनले बढाइरहेको बताए। हाल खत्वेले साढे तीन बिघा क्षेत्रफलमा कृषि फार्म सञ्चालन गरिरहेका छन् । फार्मभित्र पाँच माछापोखरी रहेका छन्, जहाँ रौ, कमन, भ्याकुर, सिल्भर, ग्रासलगायत प्रजातिका माछापालन गरिएको छ । 'माछा बिक्रीका लागि बजार धाउनु पर्दैन', खत्वेले भने, पोखरीमै व्यापारी आउँछन् र माछा निकालेर लैजान्छन्।'

हाल पोखरीबाटै प्रतिकिलो रु तीन सयदेखि रु तीन सय ५० सम्ममा माछा बिक्री भइरहेको छ । सानो लगानीबाट सुरु गरिएको फार्मबाट अहिले वार्षिक सबै खर्च कटाएर रु ६ लाखदेखि रु सात लाखसम्म आम्दानी हुँदै आएको उनको भनाइ छ । फार्ममार्फत उनले एक जनालाई रोजगारीसमेत दिएका छन् । फार्म निकुञ्ज क्षेत्र नजिकै रहेकाले फिस क्याट, गोही, स्याललगायत वन्यजन्तुले माछा खाइदिने समस्या छ । यसबाट केही क्षति त हुन्छ, तर समग्रमा फार्म नाफामै छ । उनले भने, 'यही फार्मबाट घरखर्च, परिवार पाल्न र छोराछोरी पढाउन पुगेको छ।'

माछापालनसँगै खत्वेले कृषि फार्ममा लोकल कुखुरा, हाँस, परेवा, गाई तथा भैँसीसमेत पाल्दै आएका छन् । उनले माछाको भुरा कोसी गाउँपालिकाको स्थानीय बजारबाट खरिद गर्ने गरेको जानकारी दिए । हाल माछाको भुरा प्रतिकिलो रु चार सयदेखि रु पाँच सयसम्म पर्ने गरेको छ । खत्वे कृषि फार्ममा उत्पादन भएको माछा कोसी प्रदेशका प्रायः सबै जिल्लामा बिक्री हुँदै आएको छ । सुनसरी कृषि ज्ञान केन्द्रले आर्थिक वर्ष २०७८÷७९ मा बोरिङ र मोटर अनुदान उपलब्ध गराएकाले फार्म सञ्चालनमा थप सहजता पुगेको खत्वेले बताए। पछिल्लो समय युवा ठूलो संख्यामा वैदेशिक रोजगारीमा जाने प्रवृत्ति छ।

'मलाई अवकाशपछि विदेश जाने सोच कहिल्यै आएन । नेपालमै बसेर केही गर्न सकिन्छ भन्ने आत्मविश्वास आयो, त्यसपछि फार्म दर्ता गरेर काम सुरु गरेँ,' उनले भने । नेपालमै सम्भावना प्रशस्त छ । स्थानीय सरकार र राज्यले किसानलाई नियमित अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सके युवालाई विदेश पलायन हुनुपर्ने अवस्था आउँदैन । नेपालमै अवसर र रोजगारी दुवै सम्भव रहेको खत्वेको भनाइ ।रासस

# जुनारखेतीः कम मेहेनतमा मनग्य आम्दानी



**रामेछाप।**
रामेछापका युवाहरू वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ आकर्षित भएका छन् । कम मेहेनत र लगानीमा राम्रो आम्दानी हुने भएपछि उनीहरू यस पेसातर्फ लागेका हुन् । विशेषगरी जिल्लाका युवा वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेको रामेछाप नगरपालिकाका कृषि शाखा प्रमुख कृष्ण भुजेल बताउँछन् । उनका अनुसार रामेछाप ६ ओख्रेनीका हिमाल तामाङ, टेकबहादुर तामाङ, प्रेमबहादुर तामाङ र वडा नं ७ सुकाजोरका रामकुमार कार्कीलगायत युवाहरू वैदेशिक रोजगारी छाडेर जुनारखेतीतर्फ लागेको जानकारी दिए।

उनले अन्य किसानको भन्दा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको जुनार बगैँचा राम्रो र धेरै फल्ने गरेको पनि बताए । उनले भने, 'उनीहरू विदेशमा मेहेनत गर्ने बानी परेर होला आफ्नो जुनार बगैँचामा पनि पर्याप्त समय दिनुहुन्छ, अनि बगैँचा राम्रो र सफा भएपछि दाना पनि चिल्ला र ठूलो हुने गरका छन्, अरु जुनार किसानको तुलनामा उहाँहरूको जुनार बढी बिक्री हुने गरेको जानकारी मलाई प्राप्त भएको छ।'

जुनारखेती गरेको जमिनबाट दोहोरो आम्दानी पनि हुने गरेको छ । जुनार बगैँचाभित्र तोरी, भटमासलगायत कोसेबाली, बन्दा, काउली, मुला, साग, गाँजर, लसुन, प्याजजस्ता तरकारी बालीसमेत उत्पादन गरी थप आम्दानी लिन सकिने रामेछाप नगरपालिका–७ की किसान ज्ञानुका कार्की बताउँछन्।

जुनारखेतीबाट दोहोरो आम्दानी लिन सकिने भएकाले उनीहरूको आकर्षण यस खेतीतर्फ बढेको हो । बर्सेनि जुनारखेती विस्तार गर्दै गएमा उत्पादन वृद्धि हुने र जुनारले उत्पादन दिन थालेपछि बगैँचाबाटै प्रतिकिलो रु ६० देखि ८० सम्ममा बिक्री हुने गर्दछ । जुनार बगैँचाभित्रको तरकारी तथा कोसे बालीले पनि राम्रो आम्दानी दिने गरेको कार्कीले बताए । यसरी जुनारबाट दोहोरो फाइदा हुन थालेपछि पछिल्लो समयमा त्यहाँका किसान जुनारखेतीतर्फ अकर्षित भएका हुन्।

विदेशको जति स्वदेशमै मेहेनत गर्ने हो भने वैदेशिक रोगजारीभन्दा कम यस खेतीबाट पनि नहुने किसानहरूको दाबी छ । आफू भारतको गुजरातमा २५ वर्ष बसेर चालकको काम गरे पनि त्यहाँको आम्दानी खासै चित्त नबुझेर स्वदेशमै केही गर्ने अठोटका साथ गाउँ फर्किएर करिब २० रोपनी जमिनमा जुनारखेती गरेको र त्यसमा आफू सन्तुष्ट रहेको रामेछाप नगरपालिका–६ का युवा व्यवसायी हिमाल तामाङले बताए।

यसअघि आफू वैदेशिक रोजगारीका क्रममा मलेसिया गएको र पाँच वर्ष बसेर धेरै दुःख गर्दा पनि सन्तोषजनक आम्दानी नभएकाले आफू स्वदेश फर्केर करिब १५ रोपनी जग्गामा जुनारखेती गरेको अर्का किसान रामकुमार कार्की बताउँछन् । उनले भने, 'विदेशमा जाने पैसा लागनी गरेर स्वदेशमै केही गर्ने होभने धेरै दुःख नगरी परिवारसँग रमेर बस्न पाइन्छ । खाडी मुलुकमा गएर पैसा कमाएर ल्याउने सपना बोकेर जाने युवाहरूले स्वदेशमै उपयुक्त वयवसाय छानेर काम गर्ने होभने पक्का पनि विदेशको भन्दा राम्रो आम्दानी हुनेरहेछ।'

आफूले लामो समय खाडी मुलुकमा बसेर काम गरेको, आफूजस्ता लेखपढ नभएकालाई विदेशमा पनि सजिलो काम पाउन मुस्किल भएकाले त्यहाँको काम छाडेर स्वादेश फर्किएको, साथीभाइको अनुरोधमा करिब सात रोपनी जग्गामा गरेको जुनारखेतीबाट आफू सन्तुष्ट भएको रामेछाप नगरपालिका–६ ओख्रेनीका किसान टेकबहादुर तामाङ बताउँछन् । उनले भने, 'अब म फेरि तीन सय बोट थप जुनार रोपेर यसलाई नै राम्रो स्याहार गर्छु।'

गत वर्ष रामेछाप जिल्लामा पाँच सय ४० हेक्टर क्षेत्रमा जुनार तथा सुन्तलाको खेती गरिएको भएपनि चालु आवमा लिखु तामाकोसी गाउँपालिकामा एक सय हेक्टर थप भएकाले हाल छ सय ४० हेक्टरमा जुनारखेती भइरहेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ मन्थलीका नायब प्राविधिक सहायक भवानी बस्नेतले बताए।

परियोजनाले रामेछाप, मन्थली नगरपालिका तथा लिखु तामाकोसीको केही वडालाई जुनार जोनका रूपमा लिई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । जुनार उत्पादनका लागि आवश्यक प्राविधिक सहयोग, चिस्यान केन्द्र निर्माणलगायत कार्यक्रम सञ्चालन भइरहेका छन्।

रामेछाप उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले जुनार किसानलाई बजारको कुनै समयस्या नहुने बताए । किसानले उत्पादन गरको जुनारले बजार नपाउने समस्या हामी हुन दिँदैनौँ, अन्यत्र जिल्लासँग समन्वय गरेर बिक्रीका लागि सहजीकरण गर्नेछौँ भने।

हिजोआज बगैँचाबाट प्रतिकिलो रु ६० देखि ७० र बजारमा रु ८० देखि एक सयसम्ममा बिक्री हुँदै आएको छ । यहाँ उत्पादन भएका जुनार छिमेकी जिल्ला सिन्धुली, दोलखा र राजधानी काठमाडौँसम्म पठाएर बिक्री गरिने गरिएको छ । रामेछापमा उत्पादनमा सहजता तथा बजारको समस्या नभएका कारण पनि यो व्यवसायप्रति किसानको आकर्षण बढेको पाइन्छ।

दैनिक रूपमा हजारौँका संख्यामा विदेशिने युवालाई यस्ता कृषि कर्ममा स्थानीय पालिकाहरूले विभिन्न अनुदान दिएर लगाउन सके रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता अन्त्य हुने जुनार समन्वय समितिका अध्यक्ष गुञ्जबहादुर कार्की बताउँछन्।

# विश्वकप ग्लोबल छनोटः नेपाल थाइल्याण्डसँग पराजित



**काठमाडौँ।**
आइसिसी महिला टी–२० विश्वकप ग्लोबल छनोटको उद्घाटन खेलमा नेपाल थाइल्याण्डसँग आठ विकेटले पराजित भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आईतबार भएको खेलमा नेपालले दिएको एक सय २३ रनको लक्ष्य पछ्याएको थाइल्याण्डले १६ दशमलव पाँच ओभरमा दुई विकेट गुमाउँदै जित हासिल गऱ्यो।

थाइल्याण्डका लागि नथाकन चन्थमले अविजित ५७ रनको योगदान दिइन् । उनले २९ बलमा नौ चौका र एक छक्का प्रहार गर्दै ५७ रनको योगदान दिइएकी हुन्।

नानपत कोन्चारोन्काईले ३२ र अफिसरा सुवानचोनराथीले २८ रन बनाइन् । बलिङतर्फ नेपालकी सीता रानामगरले दुई विकेट लिइन् । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै एक सय २२ रनको योगफल बनाएको थियो।

नेपालका लागि बिन्दु रावलले सर्वाधिक ४४ रन बनाइन् । उनले ५६ बलमा छ चौका प्रहार गर्दै ४४ रन बनाएकी हुन्। त्यस्तै सम्झना खड्काले ११ बलमा २६ रन बनाइन् । रुबिना क्षेत्रीले दुई छक्का र एक चौकासहित १० बलमा १७ रन बनाइन भने पूजा महतोले १२ रन बनाइन् । त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन्।

थाइल्याण्डका लागि थिपात्चा पुथावङले सर्वाधिक तीन विकेट लिइन् भने ओन्निता कामचोम्पुले दुई र चनिँदा सुथ्थरुवाङ सुलीपोर्न लाओमी र सुनीदा चातुरोग्रातानाले समान एक÷एक विकेट लिएका हुन्।

नेपाल आफ्नो दोस्रो खेल यही माघ ८ गते नेदरल्याण्डसँग खेल्नेछ।रासस

# ट्रम्पको धम्कीविरुद्ध ग्रिनल्यान्डमा विशाल प्रदर्शन



नुक।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको धम्कीपूर्ण अभिव्यक्तिको विरोध गर्दै शनिबार ग्रिनल्यान्डमा हजारौँ नागरिक सडकमा उत्रिएका छन् । कठ्याङ्ग्रिने हिउँ र बरफबीच राजधानी नुकका बासिन्दाहरूले विरोधका प्लेकार्ड बोकी, राष्ट्रिय झण्डा फहराउँदै र 'ग्रिनल्यान्ड बिक्रीका लागि होइन' भन्ने नारा लगाउँदै आफ्नै स्वशासन र सार्वभौमिकताको समर्थन जनाए।

प्रदर्शनकारीहरू नुकको सानो डाउनटाउन क्षेत्र हुँदै अमेरिकी वाणिज्य दूतावाससम्म पदयात्रा गर्दा त्यही दिन फ्लोरिडाबाट राष्ट्रपति ट्रम्पले फेब्रुअरीदेखि आठ युरोपेली देशका सामानमा १० प्रतिशत आयात कर लगाउने घोषणा गरेको खबर सार्वजनिक भएको थियो । यस घोषणाले प्रदर्शनकारीहरूमा थप आक्रोश पैदा गरेको बताइएको छ।

'मलाई लागेको थियो आजको दिन यसभन्दा खराब हुन सक्दैन, तर झन् भयो', स्थानीय युवा मलिक डोलेरुप–शेबेलले बताए। उनले राष्ट्रपति ट्रम्पको पछिल्लो कदमले अरू राष्ट्र र जनताप्रति कुनै संवेदनशीलता नदेखाएको स्पष्ट भएको बताए।

राष्ट्रपति ट्रम्पले विगतदेखि नै रणनीतिक रूपमा महत्वपूर्ण र खनिज स्रोतले धनी ग्रिनल्यान्डलाई संयुक्त राज्य अमेरिकाले आफ्नो स्वामित्वमा लिनुपर्ने धारणा सार्वजनिक गर्दै आएका छन् । ग्रिनल्यान्ड डेनमार्कको अधीनमा रहेको स्वशासित क्षेत्र हो । यस महिनाको सुरुमा भेनेजुएलाका पूर्वराष्ट्रपति निकोलस मदुरोलाई हटाउने सैन्य कारबाहीपछिका अभिव्यक्तिले उनको अडान अझ कडा बनेको स्थानीय नेताहरूको भनाइ छ।

एक्काइस वर्षीय डोलेरुप–शेबेल र प्रधानमन्त्री जेन्स–फ्रेडरिक निल्सनका अनुसार यो प्रदर्शन नुकको जनसंख्याको करिब एक चौथाइ सहभागी भएको इतिहासकै सबैभन्दा ठूलो प्रदर्शन हो । यस्तै समर्थन स्वरूप डेनमार्कका विभिन्न सहरहरू, कोपनहेगन तथा क्यानाडाको इनुइट–शासित क्षेत्र नुनाभुटको राजधानीमा समेत ऐक्यबद्धता ¥यालीहरू आयोजना गरिएका थिए।

कोपनहेगनमा सहभागी एलिस रिचीमहिलाले 'यो केवल ग्रिनल्यान्डको होइन, सम्पूर्ण विश्वको विषय हो' भन्दै कुनै पनि सानो राष्ट्र बिक्रीका लागि नहुने स्पष्ट सन्देश दिए।

नुकमा आयोजित प्रदर्शनमा सबै उमेर समूहका नागरिक सहभागी थिए । परम्परागत गीतसङ्गीतसहितको पदयात्रामा ४७ वर्षीया मेरी पेडरसन आफ्ना सन्तानसहित सहभागी भए । 'हामी हाम्रो देश, संस्कृति र परिवार सुरक्षित राख्न चाहन्छौँ', उनले भने । उनकी नौ वर्षीया छोरी अलास्काले आफैँले बनाएको 'ग्रिनल्यान्ड बिक्रीका लागि होइन' लेखिएको प्लेकार्ड बोकेकी थिइन्।

नुकका प्रहरी अधिकारी टम ओल्सेनले शनिबारको प्रदर्शन आफूले देखेको सबैभन्दा ठूलो भएको जानकारी दिए । यसले युरोप एकताबद्ध छ भन्ने सन्देश दिन सकोस् भन्ने हाम्रो चाहना हो उनले बताए।

ग्रिनल्याण्डको संसद्की पूर्वसदस्य टिली मार्टिनसनले ट्रम्प प्रशासनले ग्रिनल्यान्ड अधिग्रहणको 'अविवेकी विचार' त्याग्ने आशा व्यक्त गरिन् । उनले मित्रता र सहयोगको नाममा सुरु भएका अभिव्यक्तिहरू अहिले खुला धम्कीमा परिणत भएको टिप्पणी गरिन् । उनका अनुसार सम्भावित आर्थिक दबाबभन्दा नाटो र ग्रिनल्यान्डको स्वायत्तता संरक्षण बढी महत्वपूर्ण छ।

चालिस वर्षीया नर्स लुइस लेनर्ट ओल्सेनले राष्ट्रपति ट्रम्पभन्दा पनि अमेरिकी जनतालाई सन्देश दिन चाहेको बताइन् । हामी अहिले जस्तो ग्रिनल्यान्ड रहन चाहन्छौँ भन्ने हाम्रो इच्छालाई उनीहरूले समर्थन गरून् उनले भनिन्, 'मलाई आशा छ, उनीहरू आफ्नै राष्ट्रपतिको गलत कदमविरुद्ध उभिनेछन्' ।रासस

# अमेरिकी डलरको मूल्य बढ्यो

**काठमाडौँ, ४ माघः** नेपाल राष्ट्र बैंकले आज (आइतबार)का लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ । निर्धारित विनिमयदरअनुसार अमेरिकी डलरको मूल्य उच्च बिन्दुमा पुगेको छ । निर्धारण गरिएको विनिमयदरअनुसार अमेरिकन डलर एकको खरिददर १४५ रुपैयाँ ०९ पैसा र बिक्रीदर १४५ रुपैयाँ ६९ पैसा तोकिएको छ।

यस्तै, युरोपियन युरो एकको खरिददर १६८ रुपैयाँ ५९ पैसा र बिक्रीदर १६९ रुपैयाँ २९ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९४ रुपैयाँ ५१ पैसा र बिक्रीदर १९५ रुपैयाँ ३१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १८० रुपैयाँ ९७ पैसा र बिक्रीदर १८१ रुपैयाँ ७१ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ९७ रुपैयाँ ३२ पैसा र बिक्रीदर ९७ रुपैयाँ ७२ पैसा, क्यानेडियन डलर एकको खरिददर १०४ रुपैयाँ ४९ पैसा र बिक्रीदर १०४ रुपैयाँ ९२ पैसा, सिङ्गापुर डलर एकको खरिददर ११२ रुपैयाँ ७० पैसा र बिक्रीदर ११३ रुपैयाँ १६ पैसा तोकिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ १८ पैसा र बिक्रीदर नौ रुपैयाँ २१ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ८२ पैसा र बिक्रीदर २० रुपैयाँ ९० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३८ रुपैयाँ ८५ पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ८३ पैसा र बिक्रीदर ४० रुपैयाँ कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ६२ पैसा र बिक्रीदर चार रुपैयाँ ६४ पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ ५० पैसा र बिक्रीदर ३९ रुपैयाँ ६७ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ७६ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९१ पैसा, साउथ कोरियन वन १०० को खरिददर नौ रुपैयाँ ८५ पैसा र बिक्रीदर नौ रुपैयाँ ८९ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ७४ पैसा र बिक्रीदर १५ रुपैयाँ ८१ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ५६ पैसा र बिक्रीदर २२ रुपैयाँ ६६ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ६० पैसा र बिक्रीदर १८ रुपैयाँ ६८ पैसा, कुवेती दिनार एकको खरिददर ४७४ रुपैयाँ ४६ पैसा र बिक्रीदर ४७६ रुपैयाँ ४२ पैसा, बहराइन दिनार एकको खरिददर ३८४ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३८६ रुपैयाँ ४४ पैसा, ओमनी रियाल एकको खरिददर ३७६ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३७८ रुपैयाँ ४३ पैसा रहेको छ । यस्तै, भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।

# चौथो मःम महोत्सव सुरु



**नेपालगन्ज ।**
विभिन्न दुई सय प्रकारका मःमको स्वाद प्राप्त गर्नेगरी नेपालगन्जमा 'मःमः फेस्टिबल'को चौथो संस्करण सुरु गरिएको छ। नेपालगन्जमा रहेको सिद्धार्थ कटेजले सुरु गरेको तीनदिने मःम महोत्सवको शुभारम्भ गर्दै नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले यस्ता महोत्सवले नेपालगन्जको आर्थिक कारोबार चलायमान हुने विश्वास व्यक्त गरे।

सिद्धार्थ बिजनेश ग्रुप अफ हस्पिटालिटीका पश्चिम क्षेत्रीय कार्यकारी प्रमुख केशव न्यौपानेले महोत्सव नाफामुखी नभई स्वादको सहर नेपालगन्जलाई देशभर ब्रान्डिङको उद्देश्य राखिएर सुरु गरिएको जानकारी दिए। अङ्ग्रेजी नयाँ वर्ष २०२६ का अवसरमा सुरु गरिएको महोत्सवलाई आगामी वर्षदेखि नेपालगन्जको साझा आयोजनाका रूपमा अगाडि बढाउने लक्ष्य लिइएको उनको भनाइ छ।

पश्चिम क्षेत्रीय कार्यकारी प्रमुख न्यौपानेका अनुसार सांस्कृतिक कार्यक्रमसँगै मःमः मेकिङ एन्ड कुकिङ प्रतियोगिता पनि आयोजना गरिने बताए। सो महोत्सवमा दुई सयभन्दा बढी प्रकारका मःमः सहभागी गराइएको सिद्धार्थ ग्रुपका हेड अफ सेफ एलबी कौशलले जानकारी दिए। स्थानीय स्वादसँगै नयाँनयाँ फ्लेवरका मःमःले महोत्सवलाई विशेष बनाएको उनको भनाइ छ। कौशलले अकबरे खुर्सानी, कोदो, फापर तरुललगायत दुई सय प्रकारका मःम महोत्सवमा प्राप्त हुने बताए।

महोत्सवको अन्तिम दिन सोमबार, राष्ट्रिय तथा स्थानीय ब्यान्डहरूको प्रस्तुति रहने छभने राष्ट्रिय तथा स्थानीय कलाकारको नृत्य प्रस्तुत गरिने आयोजकले जनाएको छ। स्वादको सहर मानिएको नेपालगन्जमा शनिबारदेखि सुरु भएको मःमः महोत्सवले खाद्य पर्यटनलाई थप उचाइ दिने अपेक्षा गरिएको छ।

कटेजले २०८० सालदेखि निरन्तर रूपमा सो महोत्सव आयोजना गर्दै आएको थियो। सिद्धार्थ ग्रुपअन्तर्गत नेपालगन्जको चारतारे लक्जरी होटल सिद्धार्थसहित देशभर ३३ वटा होटल, रिसोर्ट, रेष्टुरेन्ट तथा क्याफे सञ्चालनमा छन्। रासस

# त्रिदेशीय 'आर्ट फर पिस' कला प्रदर्शनी



**काठमाडौँ ।**
नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान, समसामयिक चित्रकला विभाग र बङ्गलादेश आर्टिस्ट गुरपको संयुक्त आयोजनामा आईतबार देखि 'आर्ट फर पिस' विषयक त्रिदेशीय अन्तरराष्ट्रिय कला प्रदर्शनी सुरु भएको छ। प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र बङ्गलादेश आर्टिस्ट गुरपका प्रेसिडेन्ट साइफुल इस्लामले प्रदर्शनीको उद्घाटन गरेका छन्।

कुलपति हार्तम्छालीले प्रदर्शनीले नेपाल, भारत र बङ्गलादेशको कलालाई बुझ्न थप सहयोग गर्ने र आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए। विशेष अतिथि पूर्वकुलपति किरण मानन्धरले वैश्विक परिस्थिति विचार गरी शान्तिको विषय उठान गरिएको प्रदर्शनीको सन्देश महत्वपूर्ण रहेको बताए।

प्रतिष्ठानका समसामयिक चित्रकला विभाग प्रमुख सञ्जय वान्तवा राईले प्रदर्शनीको विषयवस्तु शान्तिका लागि कला मात्र नभई संसारका लागि सन्देशसमेत भएको उल्लेख गरे। उनले प्रदर्शनीमा तीन देशका संस्कृति, समाज र अनुभवसँग जोडिएर कलाकारले सिर्जना गरेका कलाकृति समावेश गरिएको बताए। बङ्गलादेश आर्टिस्ट गुरपका प्रेसिडेन्ट इस्लामले नेपालमा आर्ट फर पिस विषयमा गरिएको प्रदर्शनी भविष्यमा अन्य देशमा पनि गर्न सकिने बताउँदै प्रदर्शनीमा सहभागी सम्पूर्ण कलाकारप्रति आभार व्यक्त गरे।

कलामार्फत शान्ति, मानवता र वैश्विक मित्रताको सन्देश दिने उद्देश्यले आयोजना गरिएको प्रदर्शनीमा नेपाल, भारत र बङ्गलादेशका १०० युवा तथा अग्रज कलाकारका कलाकृति समावेश गरिएका छन्। कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी, कलाकार, पत्रकारलगायतको सहभागिता रहेको थियो। प्रदर्शनी माघ १० गतेसम्म सञ्चालन हुनेछ। रासस

# झापामा माटोको अम्लीयपन बिग्रँदै



**झापा ।**
झापाको माटोमा अम्लीयपन बढ्दै गएको छ। माटोमा प्राङ्गारिक पदार्थ, नाइट्रोजन, फस्फोरस र पोटासहरू सन्तुलित मात्रामा हुनुपर्छ। तर, कृषि ज्ञान केन्द्र झापाले हालै दमक नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा सञ्चालन गरेको मोटो परीक्षण घुम्ती शिविरबाट आएको नतिजामा अधिकांश नमूनामा यी तत्वहरू न्यून मात्रमा छन्। यसले माटोको स्वास्थ्य बिग्रिँदै गएको देखिन्छ।

दमकमा ५२ र बुद्धशान्तिमा ५२ वटा गरी १०४ माटोको नमूना परीक्षण गर्दा करिब ६० प्रतिशत नतिजामा माटो अम्लीय रहेको पाइएको कृषि ज्ञान केन्द्र झापा प्रमुख सागर विष्टले जानकारी दिए। 'माटोमा कम्तीमा दुई प्रतिशत प्राङ्गारिक तत्व हुनुपर्छ, तर अधिकांश नमूनाको परीक्षणमा डेढ प्रतिशतभन्दा माथि छैन उनले भने, माटोमा प्राङ्गारिक तत्व क्रमशः कम हुँदै गइरहेको छ'।

त्यस्तै, दमकको ५२ माटोको नमूनामध्ये २७ वटा नमूनामा नाइट्रोजनको मात्रा न्यून मात्रामा रहेको पाइयो। ४५ नमूनामा पोटासको मात्रा न्यून रहेको पाइएको छभने ३० वटा माटोको नमूनामा फस्फोरसको मात्रा न्यून रहेको पाइएको छ। केही नमूनामा यी तत्वको मात्रा मध्यम र केहीमा अत्यधिक रहेकोसमेत पाइएको छ। यस्तै, बुद्धशान्तिमा गरिएको ५२ वटा परीक्षणमा समेत माटोको अवस्था करिबकरिब दमककै जस्तै रहेको छ।

माटो परीक्षणपछि किसानलाई खेतमा गोबर (कम्पोष्ट) मल र हरियो मलको प्रयोग गर्न सुझाव दिइएको छ भने माटाको अम्लीयपन घटाउन कृषि चुनको प्रयोग गर्न सिफारिस गरिएको कार्यालय प्रमुख विष्टले बताए।

**विस्तारै असर देखिने**

हाल झापामा माटोको गुणस्तर खस्कँदै गए पनि धान र मकैको उत्पादकत्व वृद्धि भएको तथ्याङ्कले देखाउँछ। रासायनिक मलको प्रयोग बढिरहेकाले उत्पादन वृद्धि भएको कार्यालय प्रमुख विष्ट बताउँछन्। किसानले पहिला एक बिघामा ८० मन धान फलाउन जति मल प्रयोग गर्नुपर्थो, अहिले त्यसको डेढ गुणा हाल्नुपर्ने अवस्था छ रासायनिक मलको प्रयोग बढेसँगै माटोमा अम्लीयपन बढ्दै गएको बताउँदै उनले भने, तत्काल असर नदेखिए पनि यसले दीर्घकालीन रूपमा असर गर्छ।

माटोको गुणस्तर सुधारका लागि कार्यालयले गत वर्षमात्र करिब ४२ टन कृषि चुन वितरण गरेको थियो। स्थानीय तहले पनि कृषि चुन वितरण गरिहेकाले यो वर्ष कार्यालयबाट कृषि चुन वितरण गरिएको छैन। माटो सुधारका लागि बाली लगाउनुभन्दा करिब ३० दिनअघि मात्रा मिलाएर कृषि चुनको प्रयोग गर्न प्रमुख विष्टको भनाइ छ।

झापामा हाल एउटा मात्र माटो परीक्षण केन्द्र छ। कनकाई नगरपालिकास्थित सुरुङ्गामा मात्र माटो परीक्षण केन्द्रबाट वार्षिक दुई हजारदेखि दुई हजार ५०० वटासम्म माटो नमूना परीक्षण हुँदै आएको छ।

हरेक पालिकाले माटो परीक्षण गर्ने सामान्य भएपनि ल्याब राख्नुपर्नेमा कृषि ज्ञान केन्द्र प्रमुख विष्टले जोड दिए। एउटा मात्र ल्याबले सबैतिरको काम गर्न गाह्रो हुन्छ उनले भने, केही पालिकाको कृषि शाखाले सामान्य माटो परीक्षणको काम गरिरहेका छन्, सबै पालिकाले सामान्य भए पनि ल्याब राख्न आवश्यक। रासस

# काग्रेस बाहेक प्रमुख दलका उम्मेदवारको टुङ्गो

**तनहुँ ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तनहुँमा नेपाली कांग्रेस बाहेकका प्रमुख राजनीतिक दलले उम्मेदवार टुङ्ग्यिाएका छन्। नेकपा एमाले, नेकपा तथा उज्यालो नेपाल पार्टीले दुवै निर्वाचन क्षेत्रका उम्मेदवार सार्वजनिक गरिसकेका छन् भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट पनि उम्मेदवार टुङ्गो लागेको छ।

नेकपा एमालेले क्षेत्र नं १ बाट भगवती न्यौपानेलाई उम्मेदवार बनाउने निर्णय गरेको छ भने क्षेत्र नं –२ बाट केदार सिग्देललाई उम्मेदवार बनाइएको नेकपा एमालेका जिल्ला अध्यक्ष हरिराज कँडेलले जानकारी दिए। यसैगरी, नेकपाबाट तनहुँ–१ मा विद्यानाथ ढकाल र क्षेत्र नं–२ मा सोमबहादुर थापा (एसबी. थापा) उम्मेदवार चयन भएका छन्। नयाँ राजनीतिक शक्तिका रूपमा देखिएको उज्यालो नेपाल पार्टीले पनि दुवै क्षेत्रमा उम्मेदवार घोषणा गरेको छ। पार्टीले तनहुँ–१ बाट मन्जिल राना र तनहुँ–२ बाट मनराज गुरुङलाई उम्मेदवार बनाएको छ। त्यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले तनहुँ–१ बाट स्वर्णिम वाग्लेलाई उम्मेदवार बनाएको छ भने क्षेत्र नं–२ मा उम्मेदवारको नाम सार्वजनिक हुन बाँकी छ। रासस

# एउटै विद्यालयका पाँच जनालाई विद्यावारिधि

**झापा ।**
मेचीनगर नगरपालिका–९ खुट्टीडाँगीस्थित एउटै टोलका पाँच जनाले विद्यावारिधि गरेका छन्। विद्यावारिधि गर्नेमा डा टीका भण्डारी, डा हरिप्रसाद कट्टेल, डा जीवनमणि पौडेल, डा केदारमणि नेपाल र डा डिल्लीराम भण्डारी छन्।

पाँचै जनाले कवि शिरोमणि माध्यमिक विद्यालयबाट माध्यमिक तहको शिक्षा पूरा गरेका हुन्। उनीहरूको घर एउटै वडाको एउटै टोलमा रहेको छ। सङ्गीतकार, गायक एवं रेडियो नेपालका पूर्वनिर्देशक डा टीका भण्डारीले विद्यावारिधि हासिल गरेर वडाको शैक्षिक पहिचानलाई समेत चिनाउन पाएकामा गर्व अनुभूति भएको बताएका छन्।

कवि शिरोमणि माविमा अध्ययन पूरा गरेका समकालीन पाँच विद्यार्थीलाई पढाइको उपल्लो खुट्किलो मानिएको विद्यावारिधि तह पूरा गर्न विद्यालय र आफ्नो गाउँको वातावरणले महत्वपूर्ण प्रेरणा प्रदान गरेको डा हरिप्रसाद कट्टेल बताउँछन्। पाँचै जना सानैदेखि आपसमा मिल्ने र पढाइमा जेहेन्दार रहेको उनले बताए। उनीहरूले विद्यावारिधि गरेको विषय भने फरकफरक रहेको छ।

कवि शिरोमणि विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष सङ्गीता थापाले एउटै विद्यालयका पाँच जनाले विद्यावारिधि गरेको खबरले नयाँ पुस्ताका विद्यार्थीलाई मिहिनेत गरेर पढ्नका लागि प्रेरणा मिलेको बताए। एउटै वडाका एउटै विद्यालय पढेका पाँच साथीले यती ठूलो शैक्षिक सफलता पाउनु समग्र वडाकै गौरवको विषय हो थापाले बताए। रासस

# गीतसङ्गीतमार्फत 'रमिताको पिरती' प्रवर्द्धन गरिने




**काठमाडौँ ।**
आगामी माघ २३ गतेदेखि प्रदर्शन हुने चलचित्र 'रमिताको पिरती'लाई गीतसङ्गीतको माध्यमले नवपुस्ताका गायकले प्रवद्र्धन गर्ने भएका छन्। युवापुस्तामाझ लोकप्रिय गायक तथा र्यापर कुशल पोखरेल, गायक तथा सङ्गीतकार सुशान्त केसी, महेश काफ्ले र समीर श्रेष्ठले देशभर साङ्गीतिक कार्यक्रम गर्दै चलचित्रको बारेमा जानकारी गराउने निर्देशक सुदिप्ताले जानकारी दिइन्।

गायक श्रेष्ठले यस चलचित्रमा अभिनय नै गरेका छन्, भने अन्य गायकले पाश्र्व गायकका रूपमा जोडिएको निर्देशक सुदिप्ताले बताइन्। उनले भनिन्, मैले युवापुस्ताको कथामा चलचित्र तयार गरेको पनि गीतसङ्गीतमा पनि नयाँपन दिन खोजेकी छु। हामीले चलचित्रको गीतसँग जोडिएका युवापुस्तामाझ लोकप्रिय गायकलाई लिएर नेपाल भ्रमण गर्दैछौँ। हामीले साङ्गीतिक माहोलमार्फत आफ्नो चलचित्रको बारेमा जानकारी गराउने कोसिस गरेका छौँ।

उनका अनुसार गएको माघ १ मा बुटवलमा साङ्गीतिक कार्यक्रम भइसकेको छ भने विराटनगर, बिर्तामोड, धरान, पोखरा, धनगढी र काठमाडौँमा पनि हुनेछ। उनले चलचित्रमा एक युवतीको प्रेम सम्बन्ध अन्त्य भएपछि उसको जीवनीमा आउने उतारचढाव देखाइएको छ।

यो 'ब्रेकअप स्टोरी'मा तयार भएको चलचित्र हो। हामीले नियमित बनिरहेका भन्दा केही फरक गर्ने कोसिस गरेका छौँ निर्देशक सुदिप्ताले बताइन्। गायक तथा ¥यापर कुशल पोखरेल नयाँ समूहको सक्रियता देखेर सहकार्य गर्न तयार भएको बताइन्। उनले चलचित्रका लागि गीत तयार गर्नुका साथै साङ्गीतिक कार्यक्रममा समेत सहभागिता जनाउनेछन्।

म नेपाल भ्रमणमा जोडिएको छु, आफ्नो गीतलाई प्रत्यक्ष सुनाउन पाउँदा खुसी नै लाग्छ। यो चलचित्र बनाउने समूह नै छुटै ऊर्जा भएका छन्, त्यसैले हामीले सहकार्य गरेका हौँ। राम्रो काम भएको जस्तो लाग्छ, नियमित चलचित्र भवन नपुग्ने वर्गलाई यो चलचित्रले आकर्षित गर्छ जस्तो लागेको छ गायक पोखरेलले बताए।

उक्त चलचित्रमा आना शर्मा, समीर श्रेष्ठ, धीरज मगर, विनय श्रेष्ठ, गौमाया गुरुङ, पशुपति राई, रेनु योगीत, गियना, थिन्ले लामोलगायत कलाकारको अभिनय गरेका छन्। यसै चलचित्रमार्फत अभिनय यात्राको सुरुआत गरेको गायक श्रेष्ठले कलाकारितामा इच्छा भएकाले नै अभिनयमा आफू आएको गायक श्रेष्ठले बताए।

उनले भने, 'मैले अभिनय गर्ने सोच बनाएको थिएँ। तर, सही समय र पटकथा पाउन सकेको थिइनँ। मलाई अभिनेता बन्ने प्रस्ताव आउँदा पहिलो कुरा टोली राम्रो लाग्यो अनि विषयवस्तु पनि। सबै कुरा भनेजस्तो भएपछि किन पर्खिने भनेर अभिनययात्रा प्रारम्भ गरेको हुँ'।

श्रेष्ठले अभिनेता बने पनि गायनलाई नछाड्ने बताए। उक्त चलचित्रको पटकथा निर्देशक सुदिप्ताले नै तयार पारेकी छिन् भने शिशिर विशङखेले छायाङ्कन, सुनिल सिवाकोटीले सम्पादन र कृतिका बरालले नृत्य निर्देशन गरेकी छिन्। चलचित्रमा सहनिर्माताको रूपमा निर्देशकसमेत रहेका सुवास कोइराला छन् भने निर्माण सागर लम्सालले गरेका छन्। रासस




जनहितमा जारी सन्देश
बारागढी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बारा, मधेश प्रदेश, नेपाल

# रामुपा, जसपा र नाउपाबीच सिट भागवण्डा







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रतिनिधि सभा निर्वाचनमा राष्ट्रिय मुक्ति पार्टी नेपाल (रामुपा), जनता समाजवादी पार्टी (जसपा) र नागरिक उन्मुक्ति पार्टी नेपाल (नाउपा नेपाल)ले सिट बाँडफाँड गरेर एउटै चिह्नबाट चुनाव लड्ने सहमति गरेका छन् ।

तीन दलले ५२ जिल्लामा उम्मेदवारी दिँदा सिटमा सहमति गरेका हुन् ।

राजेन्द्र महतो नेतृत्वको रामुपाले ५५ सिट, रेशम चौधरी संरक्षकत्वको नाउपाले ४१ सिट र अशोक राई नेतृत्वको जसपार्टी २९ सिटमा उम्मेदवारी दिने सहमति गरेका छन् ।

सहमति अनुसार, रामुपाले झापाको क्षेत्र नम्बर ४ र ५, मोरङको क्षेत्र नम्बर १, २ र ५, सुनसरी क्षेत्र नम्बर ४, धनुषा र सर्लाहीका चारवटै सिट, महोत्तरीमा २ र ४ नम्बर,रौतहट १, २ र ३, बाराको क्षेत्र नम्बर २ र ४, पर्साको ३ र २,रुपन्देही क्षेत्र नम्बर ५ लिने भएको छ ।

यस्तै, नाउपाले झापा १, मोरङ ३ र ४, उदयपुर क्षेत्र नम्बर १, सप्तरीमा २ र ३, सप्तरी १ र ४, सिरहा क्षेत्र नम्बर २ र ४, सिरहा १ र ३, महोत्तर १, रौतहट ४, बारा १ र ३, पर्सा ४, चितवनका तीनवटै क्षेत्र, नवलपरासी क्षेत्र नम्बर १, पूर्वी नवलपरासी–२, नवलपरासी १, रुपन्देही १, २ र ३ लिने भएको छ ।

यस्तै, जसपाले झापा क्षेत्र नम्बर २ र ३, मोरङ ६, सुनसरी १, उदयपुर २, सिरहा ४ नम्बर, महोत्तरी क्षेत्र नम्बर ३, पर्सा १, नवलपरासी क्षेत्र २, रुपन्देही ४, कपिलबस्तु २ लिने भएको छ ।

यस्तै, दाङ क्षेत्र नम्बर २ रामुपा तथा १, ३ र ४ मा नाउपा नेपालले उम्मेदवारी दिने तय छ ।

बाँकेको १ र ३ नम्बर क्षेत्र नाउपा नेपाल र २ नम्बर जसपाले पाएको छ । बर्दिया १ र २ नम्बर क्षेत्र नाउपाको भागमा परेको छ । कैलालीको सबै क्षेत्र नाउपाको भागमा परेको छ । त्यस्तै कन्चनपुरको ३ नम्बर क्षेत्र रामुपा र १ र २ नम्बर नाउपालाई दिइएको छ ।

काठमाडौँ क्षेत्र नम्बर १, २, ४, ६, ७, ८, ९ र १० रामुपा तथा ३ र ५ नाउपा नेपालको भागमा परेको छ । जाजरकोट र हुम्लाको सिट रामुपाले पाएको छ । बागलुङ क्षेत्र नम्बर २ रामुपा र जसपाबिच कुरा मिलाउन बाँकी रहेको बताइएको छ । डोटी, अछाम, रुकुमपूर्व र पाँचथर रामुपाको भागमा परेको छ । त्यस्तै, ललितपुर क्षेत्र नम्बर २ र ३ मा रामुपाले उम्मेदवार उठाउने सहमति भएको पार्टी स्रोतले जनाएको छ ।

सिन्धुपाल्चोक क्षेत्र नम्बर २ मा र ताप्लेजुङको १ मा रामुपा र जसपाबिच कुरा मिलाउन बाँकी छ । इलामको क्षेत्र नम्बर २ रामुपा र १ नम्बर जसपाले पाएको छ । संखुवासभा र धनकुटाको क्षेत्र नम्बर १ जसपा, तेह्रथुपको १ नम्बर रामुपा, भोजपुर, खोटाङ र ओखलढुङ्गाको १ नम्बर क्षेत्रमा जसपाले उम्मेदवारी दिने छ । रामेछाप र दोलखाको १ नम्बर क्षेत्र नाउपा नेपाल, काभ्रेको १ र २ नम्बर जसपा, भक्तपुरको १ र २ रामुपा, मकवानपुरको १ र २ जसपा, तनहुँ, म्याग्दीको १ नम्बर क्षेत्र जसपा र दैलेख तथा डोल्पाको १ नम्बर क्षेत्र रामुपाको भागमा परेको छ ।

नाउपा नेपालले रुपन्देही क्षेत्र नम्बर १ मा डा. उमाशंकार चौधरीलाई टिकट दिएको छ । त्यस्तै, कैलाली–५ बाट जगनाथ चौधरी र बारा–१ मा भुवनप्रसाद चौधरीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

नाउपा नेपालका संरक्षक चौधरीले तीन दलबीच चुनावी सहकार्य गर्ने सहमति अनुसार सिट बाँडफाँट टुंग्याउने काम भइरहेको बताए ।

# महोत्तरीमा निर्वाचनलाई लक्षित गर्दै राजनीतिक गतिविधिमा कडाइ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रक्रिया चरणबद्ध रूपमा अघि बढिरहेका बेला महोत्तरी जिल्लामा शान्तिसुरक्षा र अमनचयन कायम राख्न जिल्ला प्रशासन कार्यालयले राजनीतिक गतिविधिमा कडाइ गर्ने निर्णय गरेको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले जारी गरेको सूचनाअनुसार जिल्लाभित्र सक्रिय राजनीतिक दल तथा तिनका भातृ संगठनहरूले आयोजना गर्ने सभा, सम्मेलन र अन्य राजनीतिक कार्यक्रम सञ्चालन गर्नुअघि अनिवार्य रूपमा प्रशासनलाई जानकारी गराई अनुमति लिनुपर्ने व्यवस्था गरिएको छ । अनुमति नलिई कुनै पनि कार्यक्रम आयोजना नगर्न प्रशासनले स्पष्ट निर्देशन दिएको छ ।

सूचनामा राजनीतिक कार्यक्रममा सहभागी हुन जाँदा वा फर्कंदा सरकारी सवारी साधन प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ । निर्वाचनको संवेदनशील समयमा सरकारी साधनको दुरुपयोग रोक्न र निष्पक्ष तथा मर्यादित वातावरण सुनिश्चित गर्न यस्तो निर्णय गरिएको प्रशासनको भनाइ छ ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी संजय कुमार पोखरेलद्वारा जारी सूचनामा निर्वाचन अवधिभर जिल्लामा शान्ति, सुरक्षा र कानुन व्यवस्था कायम राख्न सबै राजनीतिक दल, संगठन तथा सरोकारवाला पक्षको सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ । प्रशासनले तोकिएका मापदण्ड र कानुनी प्रक्रिया उल्लंघन गरेमा कारबाही हुने चेतावनी दिँदै सबैलाई जिम्मेवार, संयमित र अनुशासित व्यवहार गर्न आग्रह गरेको छ ।

# एमालेबाट पर्सा १ मा यादव उम्मेदवार

**मधेशदृष्टि**
**वीरगंज।**
नेकपा एमालेले आइतबार संशोधित गरेको उम्मेदवार सूचीमा पर्सा १ मा नयाँ अनुहार प्रवेश भएको छ। केही दिनअघि मात्रै अशोक राई नेतृत्वको जसपाबाट विद्रोह गरेर उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमै फर्किएका प्रदीप यादव एमालेको उम्मेदवार सूचीमा समेटिएका छन्।

उनलाई शुक्रबार मात्रै जसपा अध्यक्ष यादव र महासचिव लालबाबु राउतले समेत पर्सा १ बाटै प्रत्यक्षको टिकट दिने सहमति बनेको थियो । तर आइतबार दिनभर एमालेको सम्पर्कमा रहेका यादवलाई एमालेले आफ्नो सूचीमा समेटेको हो।

उनलाई पर्सा २ मा उम्मेदवार बन्न एमालेको प्रस्ताव थियो। तर यादवले आफू पर्सा १ कै भूगोलमा काम गरिरहेको भन्दै क्षेत्र नम्बर १ मै रुचि देखाएपछि उनी पर्सा १ का लागि एमालेबाट उम्मेदवार भएका छन् । सप्तरीमा सशितकुमार सिंह, कपिलवस्तुमा वीरेन्द्र कनौडियापछि पर्सामा प्रदीप यादव एमाले प्रवेशलगत्तै टिकट पाउने भाग्यमानी अनुहार भएका छन्। पर्सा १ मा प्रभु हजारालगायतको नाम सिफारिस भएको थियो।

# निर्वाचन प्रहरीका लागि ७० प्रतिशतभन्दा बढी आवेदन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यकताभन्दा झण्डै ७० प्रतिशत बढी निर्वाचन प्रहरीका आवेदन परेको छ । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामका अनुसार प्रदेशको आठै जिल्लाबाट ५३ हजार ३ सय ३८ जनाले निर्वाचन प्रहरी बन्न आवेदन दिएका हुन् ।प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाका अनुसार नेपाल प्रहरीतर्फ ४८ हजार २ सय ५० र सशस्त्र प्रहरी बलतर्फ ५ हजार ८८ जनाले आवेदन दिएका छन् । जबकि मधेश प्रदेशमा ३१ हजार ४ सय ६६ निर्वाचन प्रहरी भर्ना गरिने तय गरिएको छ । यसमध्ये नेपाल प्रहरीलाई २८ हजार २ सय ९५ जना र सशस्त्र प्रहरी बललाई ३ हजार १ सय ७१ जना भर्ना गर्ने जिम्मेवारी दिइएको छ ।

आवेदन दिनेमध्ये ४० हजार २ सय ७३ पुरुष र ७ हजार ९ सय ७७ महिला छन् । जिल्लागत रूपमा सबैभन्दा बढी आवेदन बारामा परेको छ भने सबैभन्दा कम महोत्तरीमा परेको प्रहरी कार्यालयले जनाएको छ ।

बारामा आवश्यकताभन्दा १०९.१५ प्रतिशत बढी आवेदन परेको छ । नेपाल प्रहरीतर्फ ६ हजार ७ सय ७३ जना र सशस्त्र प्रहरीतर्फ १ हजार ६ सय ६४ जना गरी कुल ८ हजार ४ सय ३७ जनाले आवेदन दिएका छन् ।

सप्तरी जिल्लामा ४ हजार २ सय २२ निर्वाचन प्रहरी आवश्यक रहेकामा ७ हजार ५ सय १२ जनाले आवेदन दिएका छन्, जुन आवश्यकताभन्दा ७७.९३ प्रतिशत बढी हो । धनुषामा ४ हजार ५ सय २७ जनाको आवश्यकता रहेकोमा ७ हजार २ सय १५ जनाले आवेदन दिएका छन्, जुन ५९.३८ प्रतिशत बढी हो ।

रौतहटमा ३ हजार ८ सय ५१ जनाको आवश्यकता भए पनि ६ हजार ७ सय ५३ जनाले आवेदन दिएका छन्, जसले आवश्यकताभन्दा ७५.३६ प्रतिशत बढी आवेदन देखाउँछ ।

सर्लाहीमा ४ हजार ३ सय ११ जनाको आवश्यकतामा ६ हजार ६ सय ६१ जनाले आवेदन दिएका छन्, जुन ५४.५१ प्रतिशत बढी हो ।

यस्तै, पर्सामा २ हजार ८ सय ५२ जनाको आवश्यकता रहेकामा ५ हजार ९ सय २० जनाले आवेदन दिएका छन् । यो आवश्यकताभन्दा १०७.५७ प्रतिशत बढी हो । सिरहामा ३ हजार ७ सय ५७ जनाको आवश्यकता रहेकामा ५ हजार ४ सय ८१ जनाले आवेदन दिएका छन्, जुन ४५.८९ प्रतिशत बढी हो । सबैभन्दा कम आवेदन महोत्तरी जिल्लामा परेको छ । त्यहाँ ३ हजार ९ सय १२ जनाको आवश्यकता रहेकामा ५ हजार ३ सय ५९ जनाले आवेदन दिएका छन्, जुन आवश्यकताभन्दा ३६.९९ प्रतिशत बढी हो ।

मधेश प्रदेशमा कुल ३२ निर्वाचन क्षेत्र रहेका छन् । मधेश प्रदेश निर्वाचन कार्यालय जनकपुरधामका अनुसार प्रदेशमा ३६ लाख ३६ हजार ४ सय १४ जना मतदाता रहेका छन् ।

**माघ ५ देखि शारीरिक परीक्षा**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि धनुषा जिल्लामा निर्वाचन प्रहरी छनोट प्रक्रिया औपचारिक रूपमा अघि बढाइएको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले निर्वाचन प्रहरीका लागि आवेदन दिएका उम्मेदवारहरूको प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गर्ने तयारी पूरा गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गत पुष २४ गते प्रकाशित सूचनाअनुसार माघ १ गतेसम्म दरखास्त दर्ता गराएका उम्मेदवारहरूका लागि माघ ५ गतेदेखि परीक्षा शुरु हुनेछ । परीक्षा दुई सिफ्टमा सञ्चालन गरिनेछ, जसअनुसार बिहान ८ बजेदेखि १२ बजेसम्म र दिउँसो १ बजेदेखि साँझ ५ बजेसम्म परीक्षा हुने तालिका तय गरिएको छ ।

परीक्षा माघ ५ गते सोमबारदेखि माघ ७ गते बुधबारसम्म विभिन्न दर्ता नम्बर समूहका उम्मेदवारहरूका लागि सञ्चालन हुनेछ । यसै सूचनाअनुसार सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गण हेडक्वाटर धनुषाबाट निर्वाचन प्रहरीका लागि फारम भरेका उम्मेदवारहरूको छनोट प्रक्रिया पनि एकीकृत रूपमा अघि बढाइने जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा जनकपुरधाम उपमहानगरपालिका–२४ बसहिया जाने सिक्स लेन सडक खण्डस्थित निलार्जुन इन्जिनियरिङ कलेज परिसरमा सञ्चालन हुनेछ ।

परीक्षामा सहभागी हुने उम्मेदवारहरूले अनिवार्य रूपमा सक्कल नागरिकता प्रमाणपत्र र जिल्ला प्रहरी कार्यालयबाट जारी गरिएको प्रवेशपत्र साथमा ल्याउनुपर्नेछ । साथै, परीक्षा शुरु हुनुभन्दा कम्तीमा एक घण्टा अगाडि परीक्षा केन्द्रमा उपस्थित हुन आग्रह गरिएको छ ।

उम्मेदवारहरूलाई ट्र्याकसुट, स्पोर्ट्स जुत्ता, पिटी कट्टु जस्ता सहज पोशाक लगाएर आउन भनिएको छ । महिला उम्मेदवारका हकमा आफूलाई सहज हुने पोशाक प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ ।

परीक्षा अवधिभर मोबाइल फोन प्रयोग पूर्ण रूपमा निषेध गरिएको छ । मोबाइल प्रयोग गरेको पाइएमा सम्बन्धित उम्मेदवारको परीक्षा तत्काल रद्द गरिने चेतावनी पनि जिल्ला प्रहरी कार्यालयले दिएको छ ।

प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षाको नतिजा माघ ८ गते बिहान १० बजे जिल्ला प्रहरी कार्यालय धनुषा अगाडि रहेको निधी भवन तथा सम्बन्धित परीक्षा केन्द्रहरूमा प्रकाशन गरिनेछ । सोही समयमा उत्तीर्ण उम्मेदवारहरूका लागि लिखित परीक्षा सम्बन्धी सूचना पनि सार्वजनिक गरिने जनाइएको छ ।

# ब्याहुत सेवा समितिमा साह निर्वाचित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
ब्याहुत कलवार सेवा समितिको निर्वाचनमा श्यामप्रसाद साहले निकटतम प्रतिद्वन्द्वी शंकर साहलाई २ सय २५ मतको अन्तरले पराजित गरेका छन । श्याम साहले ४ सय २८ मत प्राप्त गरे भने शंकर साहले २ सय ३ मत पाएका छन् ।

यसैगरी उपाध्यक्षमा सञ्जयकुमार साह, महासचिवमा शिवशंकर साह, सचिवमा दीपककुमार साह र कोषाध्यक्षमा बजरंगप्रसाद साह विजयी भएका छन् ।

कार्यकारिणी सदस्यमा रघुनाथप्रसाद साह, रामजी साह, इन्दुदेवी र मनोजकुमार साह निर्वाचित भएका छन् । श्यामकुमार साह दोस्रो कार्यकालको अध्यक्ष भएका छन् ।




# प्रतिनिधिसभा निर्वाचन भयरहित बनाउन सशस्त्रलाई निर्देशन

**काठमाडौँ ।**
गृहसचिव राजकुमार श्रेष्ठले विषम परिस्थितिमा आवश्यकताअनुरुप स्थापना भएको सशस्त्र प्रहरी बल नेपालले छोटो अवधिमा देश र जनताको सुरक्षामा उल्लेख्य कार्यहरु गर्न सफल भएको बताएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोकको निरीक्षण भ्रमणका क्रममा आइतबार गृहसचिव श्रेष्ठले सशस्त्र प्रहरी बल नेपालले आफ्नो व्यवस्थापकीय सुधारात्मक कार्य प्रभावकारी ढङ्गमा गर्दै आइरहेको बताए । उनले सशस्त्र प्रहरी बल नेपालले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, राजस्व सङ्कलनमा सहयोग तथा विपद् व्यवस्थापनको क्षेत्रमा कार्यगरी सीमा सुरक्षामा निर्वाह गर्दै आएकाले भूमिका उत्कृष्ट र प्रशंसनीय रहेको बताए ।

गृहसचिव श्रेष्ठले यसलाई थप सशक्त बनाउन फिल्डमा परिचालित सशस्त्र प्रहरी कर्मचारीहरुले राजस्व चुहावट नियन्त्रण कार्यलाई समेत त्रुटिरहित ढङ्गमा निर्वाह गर्नुपर्ने बताए । उनले सशस्त्र प्रहरी बल नेपालले विपद् व्यवस्थापनका क्षेत्रमा समेत अग्रपङ्क्तिमा रही कार्य गर्दै आएको र सशस्त्र प्रहरी बल नेपाललाई विपद् व्यवस्थापन तथा सीमा सुरक्षामा आवश्यक स्रोतसाधनको उपलब्धतामा आवश्यक पहल गर्ने बताए ।

सुरक्षा चुनौतीको समाधानका लागि प्रभावकारी योजना तथा एकीकृत निर्वाचन सुरक्षा योजनाअनुरुप प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्दै आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई भयरहित, निष्पक्ष र शान्तिपूर्ण तवरमा सम्पन्न गर्न गृहसचिव श्रेष्ठले सशस्त्र प्रहरी बल नेपालमा कार्यरत सम्पूर्ण कर्मचारी उच्च मनोबलका साथ परिचालित हुनुपर्ने बताए । सोही अवसरमा उनले सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा विपद् उद्धारमा प्रयोग हुने सामग्रीको समेत अवलोकन गरेका थिए ।

कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले सशस्त्र प्रहरी आफ्नो कर्तव्य पथमा प्रभावकारी रुपमा परिचालित हुन प्रतिबद्ध रहेको बताउँदै विद्यमान सुरक्षा चुनौतीको शान्तिपूर्ण समाधानसहित नागरिकको जनविश्वास हासिल गरी आगामी निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई निर्देशनसमेत दिए । उनले सीमामा बसोबास गर्ने नागरिकको सुरक्षा र सीमा क्षेत्रको विकास भएमा मात्र सीमा सुरक्षा प्रभावकारी हुने हुँदा सशस्त्र प्रहरी बल नेपालले सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमअन्तर्गत सीमा क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दालाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन